# वार्षिक प्रतिवेदन

## आ.व. २०७८/७९

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

(An ISO 9001:2015 Certified Academy)

गण्डकी प्रदेश, पोखरा

श्रावण, २०७९

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

(An ISO 9001:2015 Certified Academy)

गण्डकी प्रदेश, पोखरा

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/७९

श्रावण, २०७९

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0
IQNET CERTIFIED MANAGEMENT SYSTEM

**प्रकाशक :**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
प्रकाशन वर्ष : २०७९
सर्वाधिकार © : प्रकाशकमा सुरक्षित
मुद्रण प्रति : २५०

**सम्पर्कका लागिः**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
फोन नं : ०६१–५७१०८०, ५७०१४६
इमेल : academy.gandaki@gmail.com
वेवसाइट : https://gpta.gandaki.gov.np

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्या :

चलानी नं.:

श्रावण, २०७९

**विषयः तेस्रो वार्षिक प्रतिवेदन सम्बन्धमा।**

माननीय मुख्यमन्त्रीज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) ले व्यवस्था गरेबमोजिम आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पेश गरेको छु।

भवदीय,
(ऋषिराम पाण्डे)
कार्यकारी निर्देशक



फोन नं.: +९७७-५७०१४६, ५७१०८० URL : gpta.gandaki.gov.np E-mail : academy.gandaki@gmail.com

# दुई शब्द

प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहयोग, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले स्थापना भएको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठाको तेस्रो वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ ।

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार" को सैद्धान्तिक अवधारणालाई आत्मसात गरी इमान्दारिता, व्यावसायिकता र नवप्रवर्तनको संस्थागत मान्यता अन्तर्गत अगाडि बढेको प्रतिष्ठानले स्थापनाको छोटो अवधिमानै तालिम तथा प्रशिक्षण, अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र ज्ञान व्यवस्थापनका क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको छ ।

विगतदेखि सुरु भएको कोरोना महामारीको असर यस आ.व. मा पनि पर्‍यो । त्यसका बावजुद प्रविधिको समेत प्रयोग गरी कर्मचारी र जनप्रतिनिधिका क्षमता विकासका कार्यक्रमहरू यो आ.व.मा सञ्चालन भए । प्रशिक्षण आवश्यकताको पहिचान, पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन र सञ्चालित प्रशिक्षणको अनुगमन तथा फलोअप जस्ता कार्यक्रमहरूलाई समेत यस आ.व. मा निरन्तरता दिइयो । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास र स्थानीय तहको संस्थागत सवलीकरणमा चालु वर्षका क्रियाकलाप केन्द्रित रहे । संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका विषयमा सरोकारवालाबीच संवाद, अन्तरसरकार सम्बन्ध बारे गरिएको अध्ययन नतिजाको प्रकाशन, स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन, स्थानीय तहका नव निर्वाचित जनप्रतिनिधिका लागि अभिमुखीकरण यस आर्थिक वर्षका महत्वपूर्ण कार्य हुन् ।

प्रशिक्षण पद्दतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माण भएको छ ।

स्थानीय तहको आवधिक योजना, राजस्व सुधार कार्ययोजना, लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तथा क्षमता विकास योजना निर्माणमा प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराएको छ । प्रतिष्ठानको भवन निर्माण, निर्मित संरचनाको मर्मत संभार, कर्मचारीको सेवासर्त एवम आर्थिक प्रशासन विनियमावलीको तर्जुमा आदि संस्थागत पूर्वाधार निर्माण क्षेत्रका महत्वपूर्ण कार्यहरू हुन् । प्रतिष्ठानले संस्थागत गरेको कार्य प्रक्रिया र सेवा प्रवाह सम्बन्धी नीतिगत व्यवस्थाका लागि ISO 9001:2015 को प्रमाणपत्र समेत यसै आर्थिक वर्षमा प्राप्त भयो ।

उल्लिखित कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री, प्रदेश सरकारका प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रतिष्ठान परिवार र सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

ऋषिराम पाण्डे
कार्यकारी निर्देशक
श्रावण, २०७९

## कार्यकारी सारांश

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको प्रथम रणनीतिक योजना (२०७७।७८-२०८१।८२) कार्यान्वयनको दुई वर्ष पूरा भएको छ । रणनीतिक योजना बमोजिम आर्थिक वर्ष २०७८/७९ संस्थागत विकासको वर्षका रुपमा रह्यो । प्रशिक्षण सामग्री निर्माण, क्षमता विकास कार्यक्रमको कार्यान्वयन, अध्ययन अनुसन्धान र संवाद, प्रतिष्ठानको मानव संसाधन विकास, ISO प्रक्रियाको फलोअप, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण, भवन निर्माण, पुराना संरचनाको मर्मत सम्भार र कार्यालय परिसरको सौन्दर्यकरण आदि यस आर्थिक वर्षका लागि योजना गरिएका कार्यक्रम थिए । उल्लिखित सबै कार्यक्रमहरू यस आर्थिक वर्षमा कार्यान्वयनमा आएका छन् ।

प्रदेश र स्थानीय तहका लागि क्षमता विकासका कार्यक्रम वर्षैभरी कार्यान्वय भए । प्रदेश तथा स्थानीय तहको लागि तालिम आवश्यकताको पहिचान र सोका आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माणको कार्यले निरन्तरता पायो । स्थानीय तहको प्राथमिकतामा रहेको स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन गरी सबै स्थानीय तहमा वितरण भयो भने सार्वजनिक खरिद सम्बन्धी प्रशिक्षण सामग्रीको प्रमाणीकरण सम्पन्न भयो । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका कुल १६३ वटा तालिम सञ्चालन भए । यसबाट ६८८७ जनाले क्षमता विकासको अवसर प्राप्त गरे ।

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीको अभिमुखीकरण यसै आर्थिक वर्षको जेठ २७ र २८ गते पोखरामा सम्पन्न भयो । त्यसैगरी, स्याङ्जा र गोरखा जिल्लाका उप-प्रमुख/उपाध्यक्ष र कार्यपालिका सदस्यका लागि दुई दिने लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण जेठ २२ देखि २५ सम्म दुई वटा कार्यक्रम सम्पन्न भए । यसबाट ४९ जना लाभान्वित भए । प्रशिक्षण कार्यक्रमको प्रभावकारिता फलोअप तथा अनुगमनले निरन्तरता पायो । यस आ.व.मा तालिम प्राप्त गरेका १६ वटा पालिकाका ५३ जना कर्मचारीसँग तालिम कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने कार्य सम्पन्न भयो । प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका बनाउने उद्देश्यका साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली योजना गरे भन्दा एक वर्ष अगावै पूरा भयो । यसै वर्ष प्रतिष्ठानले Quality Austria बाट ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्न सफल भयो भने International Quality Network (IQNET) को सदस्य बन्यो । यसले प्रतिष्ठानको छविलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने काम गरेको छ । यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ ।

प्रतिष्ठानको कर्मचारी सेवासर्त सम्बन्धी विनियमावली र आर्थिक प्रशासन विनियमावलीको तर्जुमा योजना अनुसारनै सम्पन्न भए । प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम निर्माण गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति यसै आर्थिक वर्षमा प्राप्त भयो । उक्त पाठ्यक्रमलाई प्रशिक्षण परिषद्को चौथो बैठकले स्वीकृत गरेको छ । गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भइ सिफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिम सम्बन्धी पाठ्यक्रम निर्माण भयो भने आयोगसँगको समन्वयमा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि छनौट गरी सिफारिस भएका

८२० जना प्राविधिक कर्मचारीको सेवा प्रवेश सम्बन्धी अभिमुखीकरण यसै आ.व. मा सम्पन्न भयो । यसले लोक सेवा आयोग र प्रतिष्ठान सँगसँगै अगाडि बढ्ने वातावरण तयार भएको छ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका कार्यक्रम यस आ.व. मा समेत निरन्तर रुपमा अगाडि बढे । चालु आ.व. मा ८ स्थानीय तहको आवधिक योजना तर्जुमा, २९ वटा पालिकाको राजस्व सुधार कार्ययोजना, २० वटा पालिकाको क्षमता विकास योजना र ४४ पालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराएको छ । यसै गरी ४९ पालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको काम परीक्षण सम्पन्न भयो । प्रदेशका सबै स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, सबै स्थानीय तहमा लैंगिक संवेदनशील बजेट र लैंगिक समानता तथा सामाजिक समावेशीकरण अभिमुखीकरण, सबै स्थानीय तहमा सार्वजनिक खरिद, भवन संहिता (Building Code), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS), Server Technology, Networking, EGP, GIS, वित्तीय जोखिम मूल्याङ्कन आदि जस्ता तालिम आयोजना भए । सार्वजनिक खरिद, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, Server Technology, Networking, EGP जस्ता तालिम प्रदेशका मन्त्रालय र प्रदेश अन्तर्गतका कार्यालयहरूका लागि समेत सञ्चालन भए । यस्ता तालिमबाट कुल ५८५६ जना कर्मचारी तथा जनप्रतिनिधि लाभान्वित भए । सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिसँगको समन्वय र सहजीकरणमा स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, स्व-मूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण, स्थानीय तहको वित्तीय जोखिम स्व-मूल्याङ्कन कार्यक्रम कार्यान्वयन भए । यसले स्थानीय तहको क्षमता विकासको काममा जिल्ला समन्वय समितिलाई संलग्न गराउने वातावरण तयार भएको छ ।

सवाल केन्द्रित संवाद कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइयो । प्रतिष्ठान र मुख्यन्यायाधिवक्ताको कार्यालयसँगको समन्वयमा "संघीयता कार्यान्वयनमा गण्डकी प्रदेश सरकारको भूमिका" विषयमा सरोकारवालासँग संवाद कार्यक्रमको आयोजना भयो । यस कार्यक्रमबाट कुल ९८ जना लाभान्वित भएका छन् । फोरम अफ फेडेरेसनसँगको सहकार्यले निरन्तरता पायो भने जाइका नेपालसँग आवधिक योजना र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा सँगसँगै काम गर्ने गरी छलफल भयो । यसैगरी यही आर्थिक वर्षमा अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन भयो । प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी पदपूर्ति गर्ने अभिप्रायले कर्मचारी सेवासर्त सम्बन्धी विनियमावली तर्जुमाको कार्य सम्पन्न भयो । प्रशिक्षण परिषद्बाट उक्त विनियमावलीको स्वीकृति पश्चात प्रदेश लोक सेवा आयोग मार्फत कर्मचारीको स्थायी पदपूर्तिकोबाटो खुल्ने छ ।

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढेको छ । बहुवर्षीय योजनाका रुपमा गत वर्षदेखि निर्माण प्रारम्भ भएको भवन आगामी आ.व. सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । पुराना संरचनाको मर्मत संभार र कार्यालय परिसरको सौन्दर्यकरणको कार्य निरन्तर रुपमा अगाडि बढे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजना अनुसारनै कार्यान्वयनमा आए । यही वर्ष University of British Columbia, Canada का विद्यार्थीहरूलाई स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रतिष्ठानले खेलेको भूमिकाका बारेमा प्रस्तुतीकरण भयो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम

पाठ्यक्रमका आधारमा यस आ.व.मा ११२ जना कर्मचारीले ३० कार्यदिने सेवाकालीन तालिम प्राप्त गरे । यसैगरी गोरखा जिल्लाका सबै स्थानीय तहका नवप्रवेशी ३८ जना इन्जिनियरिङ सेवाका कर्मचारीहरूलाई ५ दिने सेवा प्रवेश तालिम प्रदान गरियो । प्रतिष्ठानमा कार्यरत कर्मचारीका लागि टिम विल्डिङ, सहजीकरण सीप, आइएसओ अभिमुखीकरण र शिक्षण योजना (Instructional Design) जस्ता तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू आयोजना भए । परामर्शदाताको प्रशिक्षक प्रशिक्षण, ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि यस आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्य हुन् ।

प्रशिक्षण पद्दतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण भयो । यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रुपमा लिइएको छ ।

प्रतिष्ठानको स्थापनादेखि हालसम्म सञ्चालित क्रियाकलापले संस्थागत विकासको मजवुत जग निर्माण भएकोछ । जनशक्तिको प्रबन्ध, पूर्वाधार विकास र कार्यसञ्चालन पद्दतिको स्थापना संस्थागत विकासका तीन आधारभूत स्तम्भ हुन् । उपर्युक्त कार्यहरूको जग बसाल्ने कामसँगै प्रतिष्ठान संस्थागत विकासकोबाटोमा अगाडि बढेको छ । हालसम्मका उपलब्धिले प्रतिष्ठानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित गराउने काम मात्र गरेका छैनन्, आगामी दिनहरूमा प्रतिष्ठानलाई थप उचाइमा पुऱ्याउने आधार समेत खडा गरेका छन् । संस्थागत पद्दति निर्माणका दृष्टिकोणले यो वर्ष प्रतिष्ठानको इतिहासमा स्मरणीय रहने विश्वास लिइएको छ ।

# विषय सूची


| | |
|---|---|
| **दुई शब्द** | i |
| **कार्यकारी सारांश** | ii |
| **परिच्छेद–एक परिचय** | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदनको संरचना | ३ |
| **परिच्छेद–दुई दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र कार्यक्रम** | ४ |
| २.१ दीर्घकालीन सोच (Vision) | ४ |
| २.२ ध्येय (Mission) | ४ |
| २.३ संस्थागत मान्यता (Core Values) | ४ |
| २.४ प्रतिष्ठानका उद्देश्य (Objectives) | ४ |
| २.५ प्रशिक्षण सम्बन्धी नीति | ५ |
| २.६ प्रतिष्ठानका प्रमुख कार्य | ५ |
| २.७ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा | ५ |
| २.८ रणनीतिक योजना | ७ |
| २.९ संस्थागत संरचना | १२ |
| **परिच्छेद–तीन आ.व. २०७८/७९ को प्रगति विवरण** | १५ |
| ३.१ गत आ.व.को समीक्षा | १५ |
| ३.२ आ.व. २०७८/७९ को योजना | १७ |
| ३.३ आ.व. २०७८/७९ को प्रगति | १८ |
| ३.३.१. प्रशिक्षण कार्यक्रम | १९ |
| ३.३.२. सवाल केन्द्रित संवाद | ५६ |
| ३.३.३. अध्ययन तथा अनुसन्धान | ५४ |
| ३.३.४. ज्ञान व्यवस्थापन | ५४ |
| ३.३.५. प्रशिक्षण कार्यक्रमको फलोअप तथा अनुगमन | ५५ |
| ३.३.६. संस्थागत विकास | ५९ |
| ३.३.७. समन्वय र सहकार्य | ६९ |
| ३.३.८. मानव संशाधन | ६९ |
| **परिच्छेद–चार आ.व. २०७८/७९ को आर्थिक प्रतिवेदन** | ७१ |
| **परिच्छेद–पाँच आ.व.२०७९/८० को बजेट तथा कार्यक्रम** | ७६ |
| **परिच्छेद–छ निष्कर्ष र आगामी दिनको कार्यदिशा** | ८३ |
| ६.१ समस्या र चुनौति | ८३ |
| ६.२ समस्या समाधानका लागि चालिएका कदम | ८३ |
| ६.३ निष्कर्ष | ८३ |
| ६.४ आगामी दिनको कार्यदिशा | ८५ |

# परिच्छेद – एक
# परिचय

## १.१ पृष्ठभूमि

मानव संसाधान विकास, क्षमता विकास र शसक्तीकरणको एउटा महत्वपूर्ण औजारको रुपमा प्रशिक्षणको महत्वपूर्ण स्थान रही आएको छ । संघीयताको कार्यान्वयन, विभिन्न तहका सरकार र तिनका अधिकार क्षेत्रको संवैधानिक व्यवस्थाले निर्वाचित पदाधिकारी र कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रमहरूको आवश्यकतालाई झनै बढाईदिएको छ । यसै परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश सरकारका विकास र सुशासन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, अध्ययन अनुसन्धान र संवादको माध्यमबाट नयाँ ज्ञानको सिर्जना वा भईरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विद्यमान प्रशिक्षण प्रणालीमा सुधारको आवश्यकता छ। प्रशिक्षार्थीको खास प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण आवश्यकताका आधारमा प्रशिक्षणका निर्दिष्ट उद्देश्यहरूको किटान, प्रशिक्षण आवश्यकतालाई सम्बोधन गर्नेगरी प्रशिक्षण सामग्रीहरू निर्माण, प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त प्रशिक्षकको व्यवस्था, सहभागीको स्तर अनुसार प्रशिक्षणका विधिहरूको चयन, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि मूल्याङ्कनका औजारहरूको विकास र प्रयोग, प्रशिक्षण पश्चात प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि फलोअप वा अनुगमन, प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखाका लागि प्रशिक्षणको मूल्याङ्कन आदि प्रशिक्षण प्रणालीमा अवलम्बन गरिनु पर्ने विषयहरू हुन् ।

प्रशिक्षण व्यवसायलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित गराउने तथा अध्ययन अनुसन्धानका नतिजालाई प्रदेश र स्थानीय तहका नीति, योजना, कार्यक्रम आदिमा प्रयोग गरी प्रदेश सरकार र स्थानीय तहको संस्थागत सुदृढीकरण, सुशासन प्रवर्द्धन र विकास कार्यहरूको प्रभावकारिता अभिवृद्धिको काममा प्रतिष्ठान क्रियाशील छ । "सक्षम प्रदेश सरकार र सुशासनयुक्त स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान" को दीर्घकालीन सोंचलाई "गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, आवश्यकतामा आधारित परामर्श सेवा र ज्ञान व्यवस्थापन" को माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको "व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार" का लागि प्रतिष्ठानले "इमान्दारीता, व्यवसायिकता र नवप्रवर्तन"लाई संस्थागत मान्यताका रुपमा अगाडि बढाएको छ ।

संघीय सरकारको समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन लक्ष्य, प्रदेश सरकारको समृद्ध प्रदेश, सुखी नागरिकको सौँच र स्थानीय तहका विकास प्राथमिकतालाई साकार पार्न सबै तहका सरकार, राष्ट्रिय तथा अन्तर राष्ट्रिय संघ संस्था साथै सबै सरोकारवालाहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने कुरामा प्रतिष्ठान क्रियाशील छ । तात्कालिन प्राथमिकताका रुपमा प्रशिक्षण कार्य मार्फत क्षमता विकास र सुशासन प्रवर्द्धनका कार्यहरू गरिने

भएता पनि प्रदेश र स्थानीय तहको शासकीय क्षमतामा अभिवृद्धि हुँदै जाँदा क्षमता विकासका परिस्कृत माध्यमहरूको अवलम्बन गर्न जरुरी छ । यसका लागि प्रतिष्ठानले कार्य-सहयोगी सामग्री अर्थात् Job Aid को निर्माण, कार्यस्थलको सहयोग (On Site Coaching), प्रशिक्षणको फलो–अप र अनुगमन, म्यानुअल, कार्यविधि, निर्देशिका र आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण आदि दीर्घकालीन रणनीतिका रुपमा अंगिकार गरेको छ ।

सूचना नै शक्तिको रुपमा उदाइरहेको वर्तमान अवस्थामा तथ्य र खोजमा आधारित अनुसन्धान, वहस, छलफलले निर्णय प्रक्रियालाई यथार्थपरक बनाउन सहयोग गर्दछन् । त्यसैले, अध्ययन अनुसन्धानबाट आएका नतिजाहरूलाई प्रदेश तथा स्थानीय तहका नीति, योजना, कार्यक्रम आदिमा प्रयोग गर्ने संस्कारको विकास आवश्यक छ ।

संघीयताको कार्यान्वयन पश्चात स्थापित स्थानीय तहको पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भएकोछ भने प्रदेश सरकार आफ्नो कार्यकालको उत्तरार्द्धमा छ । यससँगै जनताको नजिकको सरकारका रूपमा मानिने स्थानीय तह र संघीय सरकार र स्थानीय तह बीच पुलको रुपमा रहेको प्रदेश सरकार संस्थागत बन्दै गएको आभास मिलेको छ । संघीयताको मर्मलाई कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश तहमा विभिन्न संरचनाहरूको निर्माण गरिएका छन् । त्यसैगरी स्थानीय तहहरू आफ्ना संस्थागत संरचना मार्फत सेवा प्रवाह गरिरहेका छन् । यससँगै प्रदेश र स्थानीय तहलाई संविधान प्रदत्त एकल र साझा अधिकारको कार्यान्वनमा विस्तारै अभ्यस्त हुँदैछन् ।

राज्य वा सरकार सञ्चालन अविच्छिन्न रुपमा अगाडि बढ्ने प्रक्रिया हो । आवधिक निर्वाचनको माध्यमद्वारा जनताका प्रतिनिधिहरूले नीति निर्माणमा योगदान गर्नु र जनप्रतिनिधिले गरेका निर्णयलाई कर्मचारी संयन्त्रले कार्यान्वयन गर्नु राज्य सञ्चालनको सामान्य अभ्यास हो । राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम कार्यरत कर्मचारीको कार्यदक्षताले महत्वपूर्ण भूमिका खेल्दछ ।

लामो तथा छोटो अवधिका प्रशिक्षण, अनुशिक्षण, तालिम, कार्यस्थलको प्राविधिक सहयोग, संवाद, परामर्श आदि कार्यदक्षता अभिवृद्धिका माध्यम हुन । नवनिर्वाचित जनप्रतिनिधिको क्षमता विकास र कार्यरत कर्मचारीको ज्ञान, सीप र दक्षतामा समयानुकूल अभिवृद्धिमार्फत सेवाप्रवाहलाई चुस्त, पारदर्शी र परिणाममूखी बनाउनु आजको आवश्यकता हो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संघीयता कार्यान्वयन पश्चात मानव संसाधन विकासका क्षेत्रमा गण्डकी प्रदेश सरकारले लिएको महत्वपूर्ण अग्रसरता हो । प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोगमार्फत व्यवस्था गर्ने संवैधानिक प्रावधानका कारण पनि यस प्रतिष्ठानको औचित्य थप पुष्टी हुन्छ । प्रदेश र स्थानीय तहमा निर्वाचित भई आउने पदाधिकारीहरूका लागि नियमित रुपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको प्रदेशस्तरबाट नै व्यवस्था गरिनु महत्वपूर्ण उलब्धि हो ।

प्रदेश र स्थानीय तहका लागि मागमा आधारित क्षमता विकास, प्राविधिक, नीतिगत तथा कार्यक्रमिक सहयोग समेत निरन्तर रुपमा उपलब्ध गराई प्रदेश र स्थानीय तहद्वारा सञ्चालन गरिने विकास र सुशासन प्रवर्द्धनका कार्यक्रमको प्रभावकारिता अभिवृद्धि अहिलेको आवश्यकता हो ।

प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्ने कार्यमा प्रतिष्ठान क्रियाशील छ। प्रतिष्ठानले प्रशिक्षण, अध्ययन अनुसन्धान, सवाल केन्द्रित संवाद र मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०७८/७९ भित्र सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

### १.२ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई छ वटा परिच्छेदमा वर्गीकरण गरिएको छ। पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमी र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ। दोश्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा आ.व. २०७८/७९ को प्रगति विवरण उल्लेख गरिएको छ। चौथो परिच्छेदमा आ.व. २०७८/७९ को आर्थिक विवरण र भौतिक प्रगति समावेश गरिएको छ भने पाँचौं परिच्छेदमा आ.व. २०७९/८० को योजना प्रस्तुत गरिएको छ। छैटौं परिच्छेदमा निष्कर्ष र आगामी दिनको कार्यदिशा उल्लेख गरिएको छ।

# परिच्छेद – दुई
# दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र कार्यक्रम

"व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार" को मूल मर्मलाई आत्मसात गर्दै प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानको लक्ष्य, उद्देश्य र भावी कार्यदिशा निम्नानुसार छन् ।

## २.१ दीर्घकालीन सोच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence) " संस्थाको दीर्घकालीन सोंच रहेको छ । प्रतिष्ठान ISO Certified Academy का रुपमा स्थापित भएकोछ ।

## २.२ ध्येय (Mission)

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि संस्थाको ध्येय रहेको छ । प्रतिष्ठानले निश्चित प्रक्रियाको अवलम्बन गरी उल्लिखित कार्य प्रारम्भ गरेको छ ।

## २.३ संस्थागत मान्यता (Core Values)

इमानदारिता, व्यावसायिकता र नवप्रवर्तन (Integrity, Professionalism and Innovation) प्रतिष्ठानका संस्थागत मान्यता हुन् । व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको सिद्धान्तलाई अवलम्बन गरी प्रतिष्ठानले आफ्ना क्षमता विकासका कार्यक्रम कार्यान्वयन गरेको छ ।

## २.४ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## २.५ प्रशिक्षण सम्बन्धी नीति

प्रतिष्ठान ऐनले प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहायवमोजिम हुने गरी व्यवस्था गरेको छ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको व्यावसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने ।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने ।

## २.६ प्रतिष्ठानका प्रमुख कार्य

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान

(ग) सवाल केन्द्रित संवाद

(घ) मागमा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन

## २.७ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा

शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि प्रतिष्ठानले शैक्षणिक योजना (Instructional Design) को मोडल अवलम्बन गरेको छ । क्षमता विकास आवश्यकताको पहिचान र सोका आधारमा तालिमको योजना एवम् पाठ्यक्रम तयार गर्ने, तालिम पाठ्यक्रमको आधारमा तालिम सामग्रीको विकास गर्ने, निर्मित सामग्रीको प्रयोग गरी तालिम सञ्चालन गर्ने र तालिमका विषयवस्तुको प्रयोगको सुनिश्चितताको लागि फलोअप र अनुगमन गर्ने एवम् तालिम कार्यक्रमको प्रभावकारिताका लागि तालिमको मूल्याङ्कन गर्ने पद्दतिलाई प्रतिष्ठानले अंगिकार गरेको छ । प्रतिष्ठानको प्रशिक्षण कार्यक्रम निम्नलिखित मोडलका आधारमा कार्यान्वय हुन्छ ।



प्रतिष्ठानले सैद्धान्तिक धरातलमा उभिएर प्रशिक्षणका गतिविधि सञ्चालन गर्दछ । Instructional Design Principle मा आधारित ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडल कार्यसम्पादनमा आधारित प्रशिक्षणको नविनतम अवधारणा हो । उक्त मोडलको अनुसरण गरी प्रतिष्ठानका प्रशिक्षण गतिविधि कार्यान्वयन गरिन्छ ।

तालिम कार्यक्रमलाई व्यवहारिक, नतिजामूलक र प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराउने उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानले प्रशिक्षणको एकीकृत मोडलको विकास र कार्यान्वयन गरेको छ । प्रतिष्ठानले तालिम तथा प्रशिक्षणका गतिविधि निम्न लिखित प्रक्रियाबाट कार्यान्वय गर्दछ ।

**प्रशिक्षण सञ्चालन प्रक्रिया**




परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षण पश्चात प्रशिक्षार्थीले आफ्नो कार्यशैलीमा परिवर्तन ल्याए नल्याएको वा प्रशिक्षणको सिकाइ कार्यान्वयनमा आए नआएको निर्क्योल गर्ने प्रचलनको कमी छ । जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाइलाई आफ्नो कार्यस्थलमा व्यवहारिक रुपमा प्रयोगमा ल्याउँदैनन् र सिकाइको व्यवहारिक प्रयोगको परिणामस्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र श्रोतको कुनै अर्थ रहँदैन । त्यसकारण, प्रशिक्षणलाई प्रभावकारी बनाउन प्रशिक्षण पश्चातको सहयोग, प्रशिक्षण कार्यान्वयनको अनुगमन र प्रशिक्षणले समग्र कार्यसम्पादनमा पारेको प्रभाव

मूल्याङ्कनको पद्दतिलाई प्रतिष्ठानले अवलम्बन गरेको छ । यो नै परम्परागत प्रशिक्षण पद्दतिमा ल्याइएको महत्वपूर्ण परिवर्तन हो ।

## २.८ रणनीतिक योजना

प्रतिष्ठानले आफ्नो प्रथम रणनीतिक योजनाका पाँच वर्षलाई कार्यक्रमिक हिसावले निम्नानुसार प्राथमिकीकरण गरेको छ ।

प्रतिष्ठानका वर्ष कार्यक्रम (२०७७।७८-२०८१।८२)




नतिजा खाकामा आधारित रणनीतिक योजनाको सारसंक्षेप तल उल्लेख गरिएको छ ।

## रणनीतिक योजनाको सारसंक्षेप

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन गर्ने । | १.१ प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर वृद्धिको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीका क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम<br>७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने । | १. कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायक स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायक स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>६. सहायक स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृत स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृत स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृत स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिवृद्धि गर्न क्षमता विकास सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ अध्यन तथा अनुसन्धानलाई नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञान परिस्कृत गर्ने पद्दतिको रुपमा विकास गर्ने । | २.१.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने ।<br>२.१.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | १. क्षमता वृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी<br>३. अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन । | १. क्षमता वृद्धि सम्बन्धी समस्या केन्द्रित अनुसन्धान भएका हुने ।<br>२. राष्ट्रि तथा अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |
| | २.२ अध्ययन तथा अनुसन्धानलाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने माध्यमको रुपमा विकास गर्ने । | २.२.१ राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरका गोष्ठीबाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्दतिको विकास गर्ने । | १. अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा बारे छलफल ।<br>२ अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग | १ अध्ययन तथा अनुसन्धानका नतिजा बारे छलफल भएका हुने ।<br>२ अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएका हुने । |
| ३. प्रतिष्ठानलाई उत्कृष्ट तालिम केन्द्रको रुपमा विकास गर्ने । | ३.१ प्रतिष्ठानको संगठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने । | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ट प्रशिक्षकद्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण ।<br>२. उत्कृष्ट प्रशिक्षक तथा कर्मचारीको पदपूर्ति ।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण र क्षमता विकास । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने ।<br>२. प्रतिष्ठानमा उत्कूष्ठ जनशक्तिको पदपूर्ति भएको हुने ।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | | ३.१.२ प्रतिष्ठानलाइ उत्कृष्ट ज्ञान केन्द्रको रुपमा विकास गर्ने । | १.कार्यालय भवन निर्माण ।<br>२.संरचनाहरूको मर्मत संभार ।<br>३. Website निर्माण ।<br>४. प्रतिष्ठानका लागि आवश्यक नीति, नियम, कानून, कार्यविधि निर्माण ।<br>५. ISO प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य ।<br>६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना ।<br>७. अध्ययन अनुसन्धान र मूल्याङ्कनका नतिजा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकाशन ।<br>८.ज्ञान केन्द्रको स्थापना । | १. कार्यालय भवन निर्माण सम्पन्न भएको हुने ।<br>२.संरचनाहरूको नियमित मर्मत संभार भएका हुने ।<br>३. प्रतिष्ठानको Website सञ्चालनमा आएको हुने ।<br>४. प्रतिष्ठानका नियमावली, कर्मचारी विनियम, आर्थिक विनियम, खर्चको मापदण्ड निर्माण भएका हुने ।<br>५. प्रतिष्ठानले ISO प्रमाणपत्र प्राप्त गरेको हुने ।<br>६. अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना भएको हुने ।<br>८. प्रतिष्ठानका अध्ययन तथा अनुसन्धानका नतिजा अन्तर्राष्ट्रिय Peer Review व्यगचलर्बा मा प्रकाशन भएका हुने ।<br>९.प्रतिष्ठान सिकाइ तथा ज्ञान केन्द्रको रुपमा विकास भएको हुने । |

## २.९ संस्थागत संरचना

प्रतिष्ठानलाई एउटा स्वायत्त संस्थाको रुपमा विकास गर्न ऐनले संगठन संरचना निर्धारण गरेको छ । ऐन बमोजिम संस्थाको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद्, प्रतिष्ठानका लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्न कार्यकारी समिति, प्रतिष्ठानको दैनिक कार्यसञ्चालन गर्न कार्यकारी निर्देशक र प्रदेश सरकारले तोके बमोजिम प्रशासकीय तथा प्राविधिक र प्राध्यापन तथा अनुसन्धान सेवाका कर्मचारी रहने व्यवस्था छ । प्रदेश सरकारले स्वीकृत गरेको संगठन संरचना देहाय बमोजिम रहेको छ ।



### (अ) प्रशिक्षण परिषद्

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद् रहने व्यवस्था छ । प्रशिक्षण परिषद्को संरचना निम्नानुसार रहेको छ ।

(क) मुख्यमन्त्री – अध्यक्ष
(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग – सदस्य
(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग – सदस्य
(घ) मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उपकुलपति – सदस्य
(ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य
(च) प्रदेश सरकारका सचिवहरू – सदस्य
(छ) प्रदेश सरकारले मनोनित गरेका दुई जना महिला सहित तीन जना – सदस्य
(ज) प्रतिष्ठानको कार्यकारी निर्देशक – सदस्य सचिव

प्रशिक्षण परिषद्ले प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने, नियमावली बनाउने र विनियम स्वीकृत गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने, वार्षिक कार्यक्रमको प्रगति समीक्षा गर्ने, बजेट स्वीकृत गर्ने, समितिलाई आवश्यक निर्देशन दिने जस्ता कार्यहरू गर्दछ ।

### (आ) कार्यकारी समिति

प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहने व्यवस्था छ ।

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक – अध्यक्ष
(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य
(ग) सचिव, कानून मन्त्रालय – सदस्य
(घ) सचिव, अर्थ मन्त्रालय – सदस्य
(ङ) सचिव, प्रदेश लोक सेवा आयोग – सदस्य
(च) सचिव, प्रदेश नीति तथा योजना आयोग – सदस्य
(छ) कार्यकारी निर्देशकले तोकेको कर्मचारी – सदस्य सचिव

समितिले आवश्यकता अनुसार प्रति बैठक एक जना महिला सहित तीन जना विशेषज्ञलाई बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

कार्यकारी समितिले प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने, समय समयमा समसामयिक सवालमा सभा, सम्मेलन, गोष्ठी आयोजना गर्ने, अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, कर्मचारीको दरवन्दी सिर्जना गर्ने, प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रदेश सरकारलाई प्रादेशिक स्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने जस्ता कार्य गर्दछ ।

### (इ) कार्यकारी निर्देशक

प्रतिष्ठानमा प्रशासकीय प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था ऐनले गरेको छ । कार्यकारी निर्देशकले प्रशिक्षण परिषद् र कार्यकारी समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने, प्रशिक्षण परिषद्बाट स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, प्रतिष्ठानका प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, प्रतिष्ठानका प्रगति विवरण समय समयमा समिति समक्ष पेश गर्ने लगायतका कार्य गर्दछ ।

प्रदेश सरकारले सार्वजनिक प्रशासन तथा मानव संसाधन विकास महाशाखा, सार्वजनिक नीति तथा स्थानीय शासन महाशाखा र प्रशासन, बजारीकरण तथा परामर्श सेवा महाशाखा रहने गरी आवश्यक पद र दरवन्दी स्वीकृत गरेको छ । ऐन बमोजिम प्रदेश लोक सेवा आयोगमार्फत प्रतिष्ठानमा कर्मचारीको स्थायी पदपूर्ति गरिन्छ ।

# परिच्छेद – तीन
# आ.व. २०७८/७९ को प्रगति विवरण

## ३.१ गत आ.व.को समीक्षा

कार्यक्रम कार्यान्वयनका दृष्टिकोणबाट आ.व.२०७७/७८ पहिलो वर्ष थियो । आ.व २०७६/७७ को अन्तिम चौमासिक देखि औपचारिक रुपमा संस्थाको कार्य प्रारम्भ भएको भएता पनि उक्त अवधिमा कोरोना भाइरसको महामारीको कारण क्षमता विकासका काम हुन सकेनन् । तर संस्थागत विकासका केही महत्वपूर्ण कार्य भने प्रतिष्ठानले उक्त आ.व.को चार महिनाको छोटो अवधिमा सम्पन्न गरेको थियो । कार्यालय व्यवस्थापन, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठकको आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार र सार्वजनिक निर्माण, रणनीतिक तथा वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचार प्रसार सामग्रीको प्रकाशन र website को निर्माण, सवारी साधन तथा मेसिनरी तथा औजारको खरिद आदि बन्दाबन्दीको समयको सदुपयोग गरी सम्पन्न भएका कार्यहरू थिए । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) मार्फत सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण एवम् सो कार्यक्रमका लागि खटिई आउने कर्मचारीको व्यवस्थापन, प्रशिक्षण कार्यक्रमका पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारी उक्त अवधिमा सम्पन्न गरिएको थियो । तीनै कार्यहरूको जगमा आ.व. २०७७/७८ का क्रियाकलाप कार्यान्वयन भए ।

गत आर्थिक वर्षका लागि प्रदेश सरकारबाट चालुतर्फ १ करोड ७० लाख १३ हजार र पूँजीगततर्फ ५० लाख गरी कुल २ करोड २० लाख १३ हजार रुपयाँ विनियोजन भएको थियो । त्यसैगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्नेगरी कुल १८ करोड २ लाख ५० हजार रुपयाँ विनियोजन भएको थियो । सो रकम मध्ये प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित ५ करोड रुपयाँ भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत खर्च गर्नेगरी रकमान्तर गरिएको थियो ।

प्रदेश समानीकरण अनुदानतर्फको रकम कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम एवम् स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने, प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्ने तथा अध्ययन अनुसन्धानका कार्य गर्ने गरी विनियोजन गरिएको थियो भने संघ ससर्त अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको बजेट प्रदेश समन्वय समितिद्वारा निर्णय भएका क्रियाकलापमा तोकिएका नतिजाका लागि बाँडफाँट गरिएको थियो । स्थानीय तहको आवधिक योजना र राजस्व सुधार कार्ययोजना तर्जुमा, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीको क्षमता विकास आदि क्रियाकलापका लागि उक्त बजेट बाँडफाँट गरी वार्षिक रणनीतिक कार्ययोजना तर्जुमा गरिएको थियो ।

कोरोना महामारीका बावजुद गत आर्थिक वर्षमा प्रतिष्ठानले महत्वपूर्ण उपलब्धि हाँसिल गर्न सफल भयो । प्रतिष्ठानले अवलम्बन गरेको प्रशिक्षण पद्दति बमोजिम प्रदेशका ११ जिल्लाका १९ नगरपालिका र ४२ गाउँपालिका गरी कुल ६१ ओटा स्थानीय तहसँग टेलिफोन सम्पर्क गरेर क्षमता विकास आवश्यकताको अध्ययन गरिएको थियो । सो अध्ययनको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गर्नुका साथै स्थानीय तहको

प्राथमिकतामा रहेका सार्वजनिक खरिद, स्थानीय आर्थिक विकास र राजस्व सुधार कार्ययोजना निर्माणसँग सम्बन्धित प्रशिक्षण सामग्री निर्माणको काम सम्पन्न भयो ।

प्रतिष्ठानले सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम र ५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्यायो । सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरी सबै प्रदेशका तालिम केन्द्रमा प्रयोगमा ल्याउन परिपत्र समेत गऱ्यो । सो पाठ्यक्रमका आधारमा गत आ.व. मा ११६ जना सहायकस्तरका कर्मचारीले सेवाकालीन तालिम प्राप्त गरे भने ११ जिल्लाका ६१ स्थानीय तहमा कार्यरत २६३ जना कर्मचारीले सेवा प्रवेश तालिमको अवसर प्राप्त गरे । स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्रीको प्रमाणीकरण सम्पन्न भयो ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फ २५ वटा स्थानीय तहको आवधिक योजना तर्जुमा, १४ स्थानीय तहमा लैससास अभिमुखीकरण, ४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना र कुल १०५ वटा तालिम मार्फत ४३१८ जना जनप्रतिनिधि र कर्मचारीले क्षमता विकासको अवसर प्राप्त गरे । यसैगरी गत आ.व.मा ५९ वटा स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न भयो । यस अभिमुखीकरणबाट २३६० जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भए । प्रदेश लेखा नियन्त्रण कार्यलयसँगको समन्वयमा कास्की जिल्लाका ३ वटा स्थानीय तह (मादी, रुपा र अन्नपूर्ण गाउँपालिका)मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम सम्पन्न भयो । यस तालिमबाट जनप्रतिनिधि र कर्मचारी गरी जम्मा १२० जना लाभान्वित भए । स्थानीय तहको मध्यमकालीन खर्च संरचना सम्बन्धी अभिमुखीकरण भर्चुअल विधिबाट सम्पन्न भयो भने क्षमता विकास व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा आयो ।

संघीय मूलकका विभिन्न तहका सरकारहरू बीचको अन्तरसम्बन्ध र संघीयताको कार्यान्वयनको विषयमा अन्तर्राष्ट्रिय अनुभव र सिकाइ आदान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा फोरम अफ फेडेरेशनसँगको सहकार्यमा प्रदेश र स्थानीय तहका लागि भर्चुअल माध्यमबाट सवाल केन्द्रित संवाद कार्यक्रम सम्पन्न भयो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानुनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा हाल देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई प्रशिक्षणमा समावेश गराउने अभिप्रायले अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन सम्पन्न भायो । तालिम पश्चातको फलोअपको कार्य प्रारम्भ भयो । प्रशिक्षण परिषद् र कार्यकारी समितिका बैठकको आयोजना भयो । प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, रणनीतिक योजना र सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम परिषद्को बैठकबाट स्वीकृत भए । कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि विज्ञद्वारा प्रशिक्षक प्रशिक्षण सञ्चालन भए । कार्यालयको मर्मत संभार, कार्यालय परिसरमा बगैंचा निर्माण र तालिम कक्षको मरमत संभार आदि गत आ.व. मा सम्पन्न भए । प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरवन्दी सिर्जना गर्ने काम सम्पन्न भयो भने ISO प्रक्रियाको थालनी भयो ।

भूतपूर्व प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७७ फागुन १७ गते निर्माणाधिन भवनको शिलान्यास भयो । भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवन निर्माण कार्य चालु छ । चौमासिक बुलेटिन प्रकाशन गर्ने कार्यले निरन्तरता पायो भने वार्षिक क्यालेण्डर प्रकाशन र वितरण गर्ने काम भयो । यसरी कार्यक्रम

कार्यान्वयनको पहिलो वर्षमानै प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, संस्थागत विकास र क्षमता विकासका महत्वपूर्ण कार्य सम्पन्न गर्‍यो । यिनै क्रियाकलापको जगमा उभिएर प्रतिष्ठानले आ.व. २०७८/७९ को कार्यक्रम कार्यान्वयन गरेको छ । प्रतिष्ठानले सम्पादन गरेका मुख्य मुख्य क्रियाकलाप सहितको प्रतिवेदन अगाडिका खण्डहरूमा उल्लेख गरिएको छ ।

### ३.२ आ.व. २०७८/७९ को योजना

यस आ.व.का लागि संस्थाको रणनीतिक योजनामा समावेश गरिएका क्रियाकलाप निम्नानुसार छन् ।

| रणनीतिक योजनाको वर्ष | प्राथमिकता | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| दोश्रो वर्ष आ.व. २०७८/७९ | संस्थागत विकासको वर्ष | • प्रशिक्षण सामग्री निर्माण<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• प्रतिष्ठानको मानव संसाधन विकास<br>• ISO प्रक्रियाको फलोअप<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• भवन निर्माण (निरन्तर)<br>• पुराना संरचनाको मर्मत सम्भार र कार्यालय परिसरको सौन्दर्यकरण | नयाँ निर्वाचित प्रतिनिधिहरूको अभिमुखीकरणका लागि तयारी |

यस आर्थिक वर्षका लागि प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट सहायकस्तरका कर्मचारीका लागि सेवाकालीन र नवनियुक्त कर्मचारीलाई सेवा प्रवेश तालिम, प्रशिक्षण सामग्रीको प्रकाशन, निर्मित संरचनाको मरमत संभार जस्ता कार्यक्रम तय भएका थिए भने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत तोकिएका प्रतिफल बमोजिम विभिन्न कार्यक्रम निर्धारण गरिएको थियो । यस आ.व. का लागि प्रदेश सरकारबाट रु.१ करोड ९२ लाख ११ हजार, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कर्मचारीका लागि २८ लाख र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि १८ करोड २३ लाख ५० हजार विनियोजन भएको थियो । सोको प्रगति तल उल्लेख गरिएको छ ।

## ३.३ आ.व. २०७८/७९ को प्रगति

कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र ज्ञान व्यवस्थापनका क्षेत्रहरू समेटी आर्थिक वर्ष २०७८/७९ का लागि रणनीतिक योजनामा उल्लेखित क्रियाकलापलाई आधार मानी तयार गरिएको वार्षिक योजना अनुसार प्रतिष्ठानले कार्यक्रम कार्यान्वयन गरेको छ ।

आ.व. २०७८/७९ मा प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संघ ससर्त रकमबाट लामो तथा छोटो अवधिका कुल १६३ वटा तालिम सम्पन्न भए । कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीको क्षमता विकास तालिम (सवारी चालक प्रशिक्षण) लामो अवधिका तालिम हुन । बाँकी तालिमहरू १ देखि ५ दिन अवधिका पाठ्यक्रममा आधारित भएर सञ्चालन भए । उल्लेखित तामिलबाट कुल ६८८७ जना लाभान्वित भए । यस आर्थिक वर्षमा सम्पन्न भएका क्षमता विकास कार्यक्रमको सारांश निम्नानुसार छ ।

| S.N | Particulars | No of Events | No of Participants | | |
|---|---|---|---|---|---|
| | | | Male | Female | Total |
| 1 | Service Entry Training (GPTA Regular) | 13 | 470 | 388 | 858 |
| 2 | In-Service Training ( GPTA Regular) | 4 | 82 | 30 | 112 |
| 3 | Issue Based Dialogue | 1 | 79 | 19 | 98 |
| 4 | Capacity Development Training | 48 | 1210 | 259 | 1469 |
| 5 | GESI Audit/Gender Responsive Budgeting Training | 62 | 1323 | 1177 | 2500 |
| 6 | District wise LISA Training | 11 | 193 | 33 | 226 |
| 7 | District wise Fiduciary Risk Assessment Training | 11 | 335 | 76 | 411 |
| 8 | Public Hearing/Public Audit for Local Levels | 11 | 855 | 297 | 1152 |
| 9 | Others | 2 | 47 | 14 | 61 |
| | ***Total*** | ***163*** | ***4594*** | ***2293*** | ***6887*** |
| | | | ***67%*** | ***33%*** | ***100%*** |






प्रदेश सरकारको समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत प्राप्त संघ ससर्त अनुदान रकमबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम कार्यान्वयन भए। प्रतिष्ठानको रणनीतिक योजनामा उल्लेख भए बमोजिम यस आ.व. मा एउटा सवाल केन्द्रित संवाद कार्यक्रमको आयोजना भयो। जिल्लास्तरमा स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन तालिम सञ्चालन भए। लैंगिक उत्तरदायी बजेट र लैससास परीक्षणबाट ठुलो संख्याका जनप्रतिनिधि र कर्मचारी लाभान्वित भए। विभिन्न जिल्लाका ११ पालिकाहरूमा सार्वजनिक सुनुवाईमा सहयोग पुग्यो। प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम सञ्चालन भयो। उल्लिखित कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी ६८८७ रहेको छ। जसमा क्षमता विकास कार्यक्रमका कुल सहभागी मध्ये ३३ प्रतिशत महिला रहेका छन् भने बाँकी ६७ प्रतिशत पुरुषको सहभागीता रहेको छ। प्रतिष्ठानद्वारा यस आ.व. मा सञ्चालित क्षमता विकास कार्यक्रमको विस्तृत विवरण आगामी खण्डहरूमा उल्लेख गरिएको छ।

### ३.३.१ प्रशिक्षण कार्यक्रम

तालिम तथा प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण कार्य हो। चालु आर्थिक वर्षमा प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको बजेट मार्फत प्रशिक्षण कार्य सञ्चालन गरेको छ। प्रदेश सरकारद्वारा प्राप्त अनुदान रकमबाट कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम सञ्चालन गरियो भने जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत सञ्चालन भए। यस आ.व. मा प्रतिष्ठानद्वारा सञ्चालित तालिम तथा प्रशिक्षण कार्यहरूलाई विस्तृतमा रुपमा तल उल्लेख गरिएको छ।

#### (क) प्रतिष्ठान तर्फका नियमित कार्यक्रम (प्रदेश समानीकरण अनुदान)

प्रतिष्ठानले रणनीतिक योजनामा उल्लेखित कार्यक्रमलाई मध्येनजर गरेर तयार पारेको वार्षिक योजनामा समावेश गरिएका कर्मचारीको सेवाकालीन र सेवाप्रवेश तालिम, तालिम सामग्री निर्माण तथा तालिमको अनुगमन, फलोअप जस्ता क्षेत्रमा क्षमता विकासको एकीकृत अवधारणालाई आत्मसात गरी सम्पादन गरेका क्रियाकलाप निम्नानुसार छन्।

#### (अ) तालिम आवश्यकताको पहिचान

प्रतिष्ठानले आर्थिक वर्षका लागि क्षमता विकासका कार्यक्रम तय गर्नु भन्दा अगावै प्रदेश र स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान गरेको थियो। प्रदेश मातहतका सबै कार्यालयहरू र स्थानीय तहमा आधिकारिक रुपमा पत्राचार गरी तालिम तथा क्षमता विकास आवश्यकताको पहिचान गरिएको थियो। सो आवश्यकता पहिचानका आधारमा प्रतिष्ठानतर्फका नियमित कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फका क्रियाकालपको वार्षिक योजना तयार गरिएको थियो। तालिम आवश्यकता पहिचानको क्रममा माग गरिएका तालिम र तिनको प्राथमिकता निम्नानुसार रहेको छ।

### आ.व. २०७९/८० का लागि माग भएका तालिमको विवरण

| SN | Name of Training | Number | Priority | Target Group |
|---|---|---|---|---|
| 1. | Leadership development and good governance | 14 | I | Elected officials and Staff |
| 2. | Local level Planning process | 13 | II | Elected officials and Staff |
| 3. | GESI orientation, GESI audit and gender responsive budgeting (GRB) | 12 | III | Elected officials and Staff |
| 4. | Public Procurement Management | 11 | IV | Elected officials and Staff |
| 5. | Training for Judicial committee | 11 | IV | Elected officials and Staff |
| 6. | Law Making Process | 11 | IV | Elected officials and Staff |
| 7. | Engineering (Technical and Software) | 11 | IV | Civil Engineer |
| 8. | Office Management | 9 | V | Staff |
| 9. | Revenue Improvement Training | 8 | VI | Elected officials and Staff |
| 10. | Child Friendly Local Governance | 7 | VII | Elected officials and Staff |
| 11. | Internal Audit System and Internal Control | 7 | VII | Elected officials and Staff |
| 12. | Social Audit and Public Hearing | 7 | VII | Elected officials and Staff |
| 13. | Computer Application and Hardware Maintenance | 6 | VIII | Elected officials and Staff |
| 14. | Vital Registration Process and Procedure/Social Security | 6 | VIII | Staff |
| 15. | Local Economic Development | 6 | VIII | Elected officials and Staff |
| 16. | GIS | 6 | VIII | Information Technology Officers |
| 17. | CIGAS | 6 | VIII | Staff |
| 18. | Legal Awareness | 6 | VIII | Elected officials and Staff |
| 19. | Meeting, Assembly Management | 6 | VIII | Elected officials and Staff |
| 20. | E-Bidding | 5 | IX | Staff |
| 21. | Ward level Service Delivery | 5 | IX | Staff, Community and Elected Officials |
| 22. | Result based Planning and M&E | 4 | X | Elected officials and Staff |
| 23. | Budget Formulation at Local level | 4 | X | Elected officials and Staff |
| 24. | Building Code | 4 | X | Engineers |
| 25. | Disaster Management | 4 | X | Elected officials and Staff |
| 26. | Community Mediation | 4 | X | Community Mediators |
| 27. | Periodic Plan | 4 | X | Elected officials and Staff |

*Souce: Training Need Survey, 2078, GPTA*

### (आ) प्रशिक्षण सामग्री निर्माण

गुणस्तरीय प्रशिक्षणका लागि गुणस्तरीय प्रशिक्षण सामग्री अनिवार्य सर्त हो । स्थानीय तहको तालिम आवश्यकता अध्ययनबाट प्राप्त नतिजा र प्रदेश सरकारको प्राथमिकताका आधारमा यस आर्थिक वर्षमा स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र स्थानीय तहहरूलाई वितरण गर्ने कार्य सम्पन्न भयो । प्रशिक्षकका लागि मार्गदर्शन, तालिम योजना, सत्र योजना, प्रस्तुतीकरण सामग्री, अध्ययन सामग्री

र मूल्याङ्कनका औजार समेटिएको उपर्युक्त तालिम सामग्री शैक्षणिक योजना (Instructional Design Principle) मा आधारित भएर तयार गरिएको छ। उक्त तालिम सामग्रीको प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले मिति २०७९ जेठ १७ गते आयोजित प्रशिक्षण परिषद्को बैठकका अवसरमा लोकार्पण गर्नु भएको थियो भने सोही महिनाको जेठ २७ र २८ गते नवनिर्वाचित जनप्रतिनिधिहरूको अभिमुखीकरण कार्यक्रमको अवसरमा सबै स्थानीय तहलाई वितरण गरिएको थियो । उक्त प्रशिक्षण सामग्रीले स्थानीय तहको आर्थिक विकास योजना तर्जुमा र कार्यान्वयनमा योगदान गर्ने अपेक्षा गरिएको छ।






यसै गरी स्थानीय तहका लागि गत आ.व. मा तयार गरिएको सार्वजनिक खरिद सम्बन्धी तालिम सामग्रीको प्रमाणीकरणको कार्य पनि यसै आ. व. मा सम्पन्न भएकोछ।

### (इ) तालिम पाठ्यक्रम निर्माण

प्रतिष्ठानले क्षमता विकासका लामो तथा छोटो अवधिका तालिम, अनुशिक्षण, अभिमुखीकरणका लागि निश्चित ढाँचाको अवलम्बन गरी पाठ्यक्रम निर्माण गर्ने पद्दति स्थापित गरेको छ। पाठ्यक्रम निर्माण गर्दा तालिम तथा अभिमुखीकरणका साधारण तथा विशिष्ट उद्देश्यका साथ साथै कार्यान्वयन र नतिजा तहका उद्देश्य समेत किटान गरी सोही मुताविक प्रशिक्षणका विषयवस्तु र प्रशिक्षणका विधि निर्क्यौल गरिन्छ। यसका अलावा, तालिम पश्चातको फलोअप र अनुगमन तथा मूल्याङ्कनका विधि समेत पाठ्यक्रमका विषयवस्तु बन्दछन् । डोनाल्ड कर्कप्याट्रिकको चार तहको सिकाइ मूल्याङ्कनको सिद्धान्तलाई आधार मानी पाठ्यक्रम तयार गरिन्छ।

प्रतिष्ठानले छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको छ। उक्त पाठ्यक्रमलाई सबै प्रदेशका तालिम केन्द्रमा प्रयोगमा ल्याउन मन्त्रालयले परिपत्र समेत गरेको छ। यो प्रतिष्ठानका लागि गौरवको विषय हो । सात वटा मोड्यूल अन्तर्गत व्यक्तिगत र समूह कार्यसहित १२० वटा सत्रका लागि १८० घण्टाको समय निर्धारण गरिएको उक्त तालिम पाठ्यक्रमलाई मिति २०७९ जेठ १७ गते बसेको प्रशिक्षण परिषद्को चौथो बैठकले स्वीकृत गरेको छ।

प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीका लागि ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम (१८० घण्टा)

| | | |
|---|---|---|
| मोड्यूल १<br>कार्यालय सञ्चालन तथा व्यवस्थापन<br>(१८ घण्टा ३० मिनेट) | मोड्यूल २<br>आर्थिक प्रशासन तथा वित्त व्यवस्थापन<br>(१८ घण्टा ३० मिनेट) | मोड्यूल ३<br>शासन, सुशासन र सार्वजनिक प्रशासन<br>(२० घण्टा) |
| मोड्यूल ४<br>स्व-व्यवस्थापन र कार्यक्षमता विकास<br>(२० घण्टा) | मोड्यूल ५<br>विकास व्यवस्थापन<br>(२९ घण्टा) | मोड्यूल ६<br>स्थानीय तह सञ्चालन र व्यवस्थापन (१७ घण्टा) |
| | मोड्यूल ७<br>स्थलगत अध्ययन, प्रस्तुतीकरण र विषयगत परीक्षा (५७ घण्टा) | |

उल्लिखित ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम व्यवहारिक र नतिजा केन्द्रित छ। यस पाठ्यक्रमले कार्यालय सञ्चालनका आधारभूत कुराहरू र विकासका समसामयिक विषयवस्तुका अलावा कर्मचारीको व्यक्तित्व विकासका वहुआयामिक पक्षहरूलाई सम्वोधन गर्दछ । विषय विज्ञ मार्फत सञ्चालन गरिने यस तालिमले अधिकृतस्तरका कर्मचारीको वृत्ति विकासका साथै कार्यसम्पादनको स्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहका लागि छनौट भएका कर्मचारीको सेवा प्रवेश तालिम पाठ्यक्रम तयार भएकोछ। उक्त पाठ्यक्रमलाई ५ वटा मोड्यूलमा विभाजन गरिएको छ। सेवाप्रवेश तालिममा समावेश मुख्य विषयवस्तु (मोड्यूल) निम्नानुसार छन् ।

प्रदेश र स्थानीय तहमा छनौट भएका कर्मचारीका लागि सेवा प्रवेश तालिम पाठ्यक्रम (३० घण्टा)

| | | |
|---|---|---|
| मोड्यूल १<br>कार्यालय व्यवस्थापन<br>(६ घण्टा) | मोड्यूल २<br>सार्वजनिक प्रशासन<br>(६ घण्टा) | मोड्यूल ३<br>सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता<br>(६ घण्टा) |
| मोड्यूल ४<br>कार्यसम्पादन व्यवस्थापन र व्यक्तित्व विकास<br>(६ घण्टा) | मोड्यूल ५<br>विकास व्यवस्थापन<br>(६ घण्टा) | |

सार्वजनिक सेवामा नवप्रवेशी कर्मचारीले कुनै पनि कार्यालयमा सम्पादन गर्नुपर्ने आधारभूत काम र सेवा प्रवाहको लागि आवश्यक दक्षता अभिवृद्धि गर्ने गरी सेवा प्रवेश तालिम पाठ्यक्रम निर्धारण गरिएको छ । यसैगरी, सार्वजनिक सेवमा नवप्रवेशी कर्मचारीका लागि एक दिने अभिमुखीकरण तालिम पाठ्यक्रम समेत तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

### (ई) तालिम सामग्रीको प्रमाणीकरण

तालिम सामग्रीको गुणस्तर सुनिश्चितताका लागि प्रमाणीकरण जरुरी हुन्छ । गत आर्थिक वर्षमा निर्माण गरिएको सार्वजनिक खरिद सम्बन्धी प्रशिक्षण सामग्रीको प्रमाणीकरण कार्य सम्पन्न भएकोछ । प्रदेश अन्तर्गतका विभिन्न कार्यालयका कर्मचारीका लागि ३ वटा समूहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरी प्रशिक्षण सामग्रीमा आवश्यक परिमार्जन गर्ने काम सम्पन्न भएकोछ । हरेक प्रशिक्षण सामग्रीको कम्तिमा ३ पटक प्रमाणीकरण गर्ने प्रतिष्ठानको नीति अनुरुप उपर्युक्त प्रमाणीकरण तालिम सञ्चालन गरिएको हो । प्रमाणीकरणका क्रममा देखिएका सुधारका पक्षहरूलाई समावेश र आवश्यक परिमार्जन पश्चात प्रशिक्षण सामग्रीको प्रकाशन गरिन्छ ।

### (उ) कर्मचारीको सेवाकालीन तालिम




सहायकस्तरका कर्मचारीको वृत्ति विकास एवम् क्षमता अभिवृद्धि गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत मापदण्डका आधारमा प्रदेश तथा स्थानीय तहमा कार्यरत ११२ जना कर्मचारीका लागि ४ वटा समुहमा ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भएकोछ । १२० जना सहायकस्तरका कर्मचारीलाई तालिम प्रदान गर्ने लक्ष्य राखिएकोमा यस आर्थिक वर्षमा जम्मा ११२ जना यस तालिमबाट लाभान्वित

भएका छन् । यसबाट लक्ष्यको ९३ प्रतिशत उपलब्धि हाँसिल भएकोछ ।

दुई वटा समूहमा समानान्तर रुपमा सञ्चालित उपर्युक्त तालिमको पहिलो समूह कार्तिक २८ देखि पौष ४ गतेसम्म (तेस्रो व्याच - कूल ५९ जना) र दोस्रो समूह पौष १९ देखि माघ २४ सम्म (चौथो व्याच - कूल ५३ जना) सञ्चालन भएको थियो । ३० कार्य दिन सञ्चालित तालिम विहान ७:०० बजेदेखि अपरान्ह १:३० वजेसम्मको अवधिमा सञ्चालन भएको थियो भने हरेक दिन ९० मिनेटका ४ वटा सत्र सञ्चालन गरिएको थियो । तालिम सहभागीको विस्तृत विवरण निम्नानुसार छ ।







उपर्युक्त चार्ट अनुसार तेस्रो ब्याचको पहिलो समूहमा २४ जना पुरुष र ११ जना महिला गरी ३५ जना र दोस्रो समूहमा १५ जना पुरुष र ९ जना महिला गरी २४ जनाको सहभागीता रहेको थियो भने चौथो व्याच अन्तर्गत तेस्रो समूहमा २४ जना पुरुष र ६ जना महिला गरी ३० जना र चौथो समूहमा १९ जना पुरुष र ४ जना महिला गरी २३ जनाको सहभागीता रहेको थियो । गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले दुवै समूहका तालिमको उद्घाटन गरी कर्मचारीलाई मार्गनिर्देशन तथा हौसला प्रदान गर्नुभएको थियो ।





पहिलो समूहको तालिम भौतिक रुपमा सम्पन्न भएको भएता पनि कोभिड महामारीका कारण दोस्रो समूहका केही कक्षाहरू र सहभागीको परीक्षा अनलाइन माध्यमबाट सञ्चालन गरिएको थियो । अनलाइन परीक्षा प्रणालीलाई वस्तुगत र विषयगत प्रश्नावली निर्माण गरी सहभागीको सिकाइको स्तर मापन गरिएको थियो ।

त्यसैगरी समूह कार्य र फिल्ड कार्यको प्रस्तुतीकरण समेत भर्चुअल विधिबाट गरिएको थियो ।

वस्तुगत परीक्षा पूर्णतः अनलाईन विधिबाट सञ्चालन

गरिएको थियो । सेवाकालीन तालिमको सन्दर्भमा यो प्रतिष्ठानले सुरुवात गरेको नविनतम विधि (Innovation) समेत हो । सेवाकालीन तालिम पूरा गर्ने कर्मचारीलाई प्रमाण पत्र सहित दीक्षित गरिएको थियो ।




संघीयता चिनाउने गरी काम गरः मुख्यमन्त्री

आदर्श समाज

पोखरा, १९ पुस

प्रतिष्ठानद्वारा सञ्चालन गरिने हरेक तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागीको सिकाइलाई दैनिक पृष्ठपोषण, दैनिक पुनरावलोकन, तालिम अन्तिम मूल्याङ्कन, पूर्व र पश्चात परीक्षण आदि जस्ता औजारको प्रयोग गरी मापन गरिन्छ । सहभागीको ज्ञानको पक्षमा आएको परिवर्तनको मापन गर्न पूर्व/पश्चात परीक्षण गरिन्छ । तालिमको सुरुमा तालिमका विषयवस्तुमा सहभागीको बुझाइको स्तर मापन गरी तालिम अगाडि बढाइन्छ र तालिम पश्चात पुनः उही प्रश्नावलीको प्रयोग गरी तालिम पश्चात ज्ञानको क्षेत्रमा आएको परिवर्तनको मापन गरिन्छ । तलको चार्टले सहभागीको तालिम पूर्व र तालिम पश्चात विषयवस्तुको बुझाइको अवस्थालाई देखाउँदछ ।




माथिको चार्टले तालिम पश्चात तोकिएको विषयवस्तुमा सहभागीको ज्ञानमा अभिवृद्धि भएको देखाउँछ ।

### (ऊ) कर्मचारीको सेवा प्रवेश तालिम

यस आ.व. मा दुई किसिमका सेवाप्रवेश तालिम सञ्चालन भए । गोरखा जिल्लाका सबै स्थानीय तहका ३८ जना इन्जिनियरहरूका लागि ५ दिने आधारभूत इन्जिनियरिङ सम्बन्धी तालिम सम्पन्न भयो । स्थानीय तहहरूको मागका आधारमा स्थानीय तहमा काम गरिरहेका तर कुनै किसिमको तालिमको अवसर प्राप्त नगरेका प्राविधिक कर्मचारीलाई लक्षित गरी सो तालिम आयोजना गरिएको थियो । उक्त तालिम स्थानीय तहका पूर्वाधार निर्माणका कार्य कार्यान्वयन गर्न कोसेढुँगा सावित भएको प्रतिक्रिया प्राप्त भएको छ ।






प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि छनौट भएका स्वास्थ्य, कृषि र इन्जिनियरिङ सेवाका ८२० जना कर्मचारीका लागि एक दिने सेवा प्रवेश तालिम यसै आ.व.मा सम्पन्न भयो । सार्वजनिक सेवामा प्रवेश गरेका कर्मचारीलाई सार्वजनिक सेवा सञ्चालन, कार्यालय व्यवस्थापन, सार्वजनिक सेवाका आधारभूत विषयवस्तु आदिमा प्रशिक्षित गराई कार्यस्थलमा पठाउने उद्देश्य अनुरुप सो कार्यक्रमको आयोजना गरिएको हो । यस आ.व.का लागि ८ वटा समूहमा २४० जनालाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने लक्ष्य राखिएकोमा १३ वटा तालिम मार्फत ८५८ जनालाई उक्त तालिम प्रदान गरिएको छ जस मध्ये ३८८ जना महिला र ४७० जना पुरुष कर्मचारी रहेका छन् ।


कर्मचारीलाई सेवा प्रवेश तालिम


स्वास्थ्य सेवामा नवप्रवेशी कर्मचारीको अभिमुखीकरण





अहेवलाई अभिमुखीकरण

### (ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को प्रगति विवरण

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) प्रदेश र स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने उद्देश्यले नेपाल सरकारद्वारा सञ्चालित राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम नेपाल सरकारको तर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै प्रदेश स्थानीय तहमा सम्बन्धित प्रदेश सरकार मार्फत कार्यान्वयन भइरहेको छ । प्रदेश सरकार तथा स्थानीय तहको शासन व्यवस्थालाई क्रियाशील, दीगो, समावेशी र उत्तरदायी बनाउने यस कार्यक्रमको दीर्घकालिन लक्ष्य रहेको छ भने प्रदेश तथा स्थानीय तहबाट गुणस्तरीय सेवा प्रवाह गर्ने तथा स्थानीय विकास र आर्थिक समृद्धिको लागि योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । कार्यक्रमको लक्ष्य र उद्देश्य हाँसिल गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत विकास, जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू प्रदेश स्तरको वार्षिक रणनीतिक कार्यान्वयन योजना बनाई कार्यान्वयन भइरहेको छ ।

कार्यक्रमको समग्र समन्वयका लागि संघ स्तरमा कार्यक्रम समन्वय इकाई (Program Coordination Unit-PCU) को व्यवस्था गरिएको छ भने कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरमा प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (Provincial Program Implementation Unit – PPIU) तथा प्रदेश सुशासन केन्द्र (Provincial Center for Good Governance – PCGG), गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, को व्यवस्था गरिएको छ । सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा हुने प्रदेश समन्वय समितिले वार्षिक कार्यक्रम तय गर्ने तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने काम गर्दछ । नेपाल सरकार र विकास साझेदारहरू (संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम लगायत अन्य युएन एजेन्सीहरू, वेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग, यूरोपियन युनियन, नर्वेजियन सरकार र स्वीस विकास तथा सहयोग नियोग) को संयुक्त आर्थिक योगदान तथा युएनडिपिको प्राविधिक सहयोगमा आ.व. २०७६/७७ मा सुरु भएको यो कार्यक्रम आ.व. २०८०/८१ सम्म सञ्चालन हुनेछ । कार्यक्रमका निम्नानुसार ३ वटा लक्ष्य र १४ वटा उद्देश्य रहेका छन् ।

| Programme Outcomes | Outputs |
|---|---|
| **Outcome 1:** Government institutions and inter-governmental mechanisms at all levels are fully functioning in support of federal governance as per the Constitution | Output 1.1: Federal level institutions develop legislations and policies to support PLGs in a consultative manner. |
| | Output 1.2: Federal level institutions develop tools and systems to support PLGs in a consultative process. |
| | Output 1.3: Inter-governmental administrative mechanisms strengthened and functional |
| **Outcome 2:** Provincial and local governments have efficient, effective, inclusive, and accountable institutions. | Output 4: Provincial governments drafted legislation in a consultative manner |
| | Output 5: Modernized provincial government systems enable horizontal and vertical accountability to all citizens and mainstream GESI |
| | Output 6: Provincial governments manage core public administration functions |
| | Output 7: PCGGs made operational to deliver capacity development service |
| | Output 8: Modernized LGs have strong administrative systems, and accountable PFM system |
| | Output 9: LG systems enable horizontal and vertical accountability to all citizens |
| | Output 10: LG systems mainstream GESI in their service delivery |
| | Output 11: LG systems enable citizen engagement and inclusive participation |
| | Output 12: IPF is operational and transparently supporting LGs |
| **Outcome 3:** Elected representatives and civil servants at provincial and local governments have the capacity and serve citizens to their satisfaction. | Output 13: Elected representatives and civil servants at the Province level are incentivized and trained for delivering high quality services |
| | Output 14: LGs' elected representatives and civil servants are empowered and trained for delivering high quality services |

## १. अवधारणा पत्र तथा पाठ्यक्रम निर्माण

प्रतिष्ठानद्वारा सञ्चालन गरिने सबै कार्यक्रममा रुकरुपता कायम गर्ने तथा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने अभिप्रायले कार्यक्रम सञ्चालन पूर्व कार्यक्रमको औचित्य, उद्देश्य, कार्यक्रमका लक्षित सहभागी, कार्यक्रम कार्यान्वयन विधि र प्रक्रिया, कार्यक्रमको बजेट, कार्यक्रम योजना र कार्यक्रमको अनुगमन तथा फलोअप विधि सहितको अवधारणा पत्र र सो कार्यक्रमका साधारण र निर्दिष्ट उद्देश्य प्राप्तिका लागि आवश्यक विषयवस्तु सहितको पाठ्यक्रम तयार गरी कार्यक्रम सञ्चालन गर्ने पद्दतिको विकास गरिएको छ । चालु आ.व.मा प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश स्तरीय कार्यक्रमका लागि १७ वटा र स्थानीय तहका लागि १८ वटा गरी जम्मा ३५ वटा अवधारणा पत्र र पाठ्यक्रम तयार गरी सोका आधारमा प्रशिक्षण, अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । पाठ्यक्रमको विस्तृत विवरण निम्नानुसार छ ।

| क्र.सं. | शीर्षक/विषय | अवधि | कैफियत |
|---|---|---|---|
| | **प्रदेश स्तरीय** | | |
| १. | प्रदेश तहका कर्मचारीका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम | ३ दिन | |
| २. | प्रदेश तहका कर्मचारीका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी तालिम | २ दिन | |
| ३. | प्रदेश तहका कर्मचारीहरूका लागि E-GP सम्बन्धी तालिम | ४ दिन | |
| ४. | घरेलु तथा साना उद्योग कार्यालयको विद्युतीय सेवा प्रवाह सम्बन्धी तालिम | २ दिन | |
| ५. | प्रदेश तहमा आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणको प्रभावकारिता सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| ६. | मन्त्रालयका सवारी चालकहरूका लागि सवारी सञ्चालन तथा सडक सुरक्षा सम्बन्धी तालिम | १५ दिन | |
| ७. | कार्यालय सहयोगीहरूका लागि कार्यालय सहयोग तथा आतिथ्यता सम्बन्धी तालिम | १ दिन | |
| ८. | अनुगमन तथा मूल्याङ्कन प्रणाली सञ्चालन सम्बन्धी पुनर्ताजगी तालिम | १ दिन | |
| ९. | प्रदेश तहका कर्मचारीका लागि सरकारी लेखा प्रणाली (CGAS) र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी तालिम | २ दिन | |
| १०. | प्रदेश तहका IT Officer का लागि Server Technology and Government Cloud तालिम | ४ दिन | अवधारणा पत्र |
| ११. | प्रदेशका कर्मचारीहरूका लागि रिट तथा लिखित जवाफ लेखन सम्बन्धी अभिमुखीकरण | २ दिन | अवधारणा पत्र |
| १२. | गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका कर्मचारीका लागि ड्राइभिङ तालिम | १ दिन | अवधारणा पत्र |
| १३. | प्रदेश सरकारद्वारा निर्मित कानूनहरूको सार्वजनिकीकरण सम्बन्धी गोष्ठी | १ दिन | अवधारणा पत्र |
| १४. | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी प्रदेश स्तरीय तालिम | १ दिन | अवधारणा पत्र |
| १५. | लगानी अनुकूल वातावरण निर्माण सम्बन्धी अन्तरक्रिया | १ दिन | अवधारणा पत्र |
| १६. | विद्युतीय शासन गुरुयोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया | १ दिन | अवधारणा पत्र |
| १७. | मानव संसाधन विकास सम्बन्धी अन्तरक्रिया | १ दिन | अवधारणा पत्र |

| क्र.सं. | शीर्षक/विषय | अवधि | कैफियत |
|---|---|---|---|
| | स्थानीय तह स्तरीय | | |
| १. | स्थानीय तहका सूचना प्रविधि अधिकृतका लाथि GIS तालिम | ६ दिन | |
| २. | स्थानीय तहका IT Officer का लागि Server Technology and Government Cloud तालिम | ४ दिन | |
| ३. | स्थानीय तहका शिक्षा शाखाका कर्मचारीहरूका लागि EMIS तालिम | २ दिन | |
| ४. | स्थानीय तहका प्राविधिक कर्मचारीका लागि क्षमता विकास तालिम | ३ दिन | |
| ५. | स्थानीय तहको न्यायिक समितिका सदस्यहरूका लागि अन्तरक्रिया | २ दिन | |
| ६. | सामुदायिक मेलमिलाप सम्बन्धी तालिम | ७ दिन | |
| ७. | स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूका लागि स्थानीय सरकार सञ्चालन तथा स्थानीय आर्थिक विकास सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| ८. | लैगिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धी कार्यक्रम | १ दिन | |
| ९. | लैगिक हिंसा न्यूनीकरणका लागि स्थानीय नेतृत्व विकास कार्यक्रम | २ दिन | |
| १०. | वातारण मैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| ११. | महिला, दलित तथा सीमान्तकृत समुदायका जनप्रतिनिधिहरूका लागि लैससास सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| १२. | स्थानीय तहहरू बीच असल अभ्यास तथा सिकाइ आदान-प्रदान सम्बन्धी गोष्ठी | २ दिन | |
| १३. | प्रदेश तहका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम | ३ दिन | |
| १४. | विस्तृत परियोजना प्रतिवदेन (DPR) तयारी सम्बन्धी तालिम | २ दिन | |
| १५. | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी तालिम | १ दिन | |
| १६. | भवन निर्माण संहिता सम्बन्धी तालिम | ३ दिन | |
| १७. | स्थानीय तहका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम | २ दिन | |
| १८. | लैङिक उत्तरदायी बजेट सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि अभिमुखीकरण तथा अन्तरक्रिया | २ दिन | |

प्रदेश स्तरीयः १७ स्थानीय तह स्तरीयः १८ जम्माः ३५

### २. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैंगिक उत्तरदायी बजेट, स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, परामर्शदाताका लागि अभिमुखीकरण तथा प्रशिक्षक प्रशिक्षण आदि सहित यस आर्थिक वर्षमा जम्मा १४४ वटा तालिम सञ्चालन भएका छन् । यी तालिम तथा अभिमुखीकरणबाट जम्मा ५८५६ जना लाभान्वित भएका छन । तालिमको विवरण क्रमशः तल उल्लेख गरिएको छ ।

### ३. जनप्रतिनिधि तथा कर्मचारीको तालिम

चालु आ.व.मा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिहरूका लागि विभिन्न किसिमका प्रशिक्षण सञ्चालन भए । स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि वातावरण मैत्री स्थानीय शासन, आन्तरिक नियन्त्रण प्रणाली, स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन जस्ता तालिमहरू सञ्चालन भए । प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, भौगोलिक सूचना प्रणाली, विद्युतीय खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सर्भर टेक्नोलोजी र नेटवर्किङ, विस्तृत आयोजना प्रतिवेदन तयारी, अनुगमन तथा मूल्याङ्कन जस्ता तालिम आयोजना भए । त्यसैगरी, स्थानीय तहका कर्मचारीका लागि भवन संहिता, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली जस्ता तालिमको आयोजना भयो । यस आ.व. मा क्षमता विकासका ४८ वटा तालिम सम्पन्न भए जसबाट १२१० पुरुष र २५९ महिला गरी जम्मा १४६९ जना लाभान्वित भए । क्षमता विकास तालिमको विस्तुत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**Details of Capacity Development Training under PLGSP**

| S.N | Name of activity | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 1. | LISA Orientation/ Training (Virtual) | 17 Local Levels | 15-17 Aug. 2021 | 72 | 24 | 96 |
| 2. | Orientation on Environment Friendly Local Governance | 10 Local Levels | 25-26 Sep. 2021 | 18 | 12 | 30 |
| 3. | GIS training to Information Technology Officers | Various Local Levels | 26 Sep. - 1 Oct. 2021 | 35 | 7 | 42 |
| 4. | LISA Experience Sharing | 85 Local Levels | 27 Sep. 2021 | 79 | 3 | 82 |
| 5. | E-Service Delivery Training | All offices of Cottage and Small Industries of Gandaki Province | 28-29 October, 2021 | 24 | 4 | 28 |

| S.N | Name of activity | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 6. | Public Procurement Training to Engineers and Accounts Officers of Local Level – (Event 1) | All local levels of Kaski and Syngja | 27-29 October, 2021 | 27 | 5 | 32 |
| 7. | Publci Procurement Training to Engineers and Accounts Officers of Local Level – (Event 2) | All local levels of Parbat and Tanahun | 27-29 October, 2021 | 28 | 0 | 28 |
| 8. | Public Procurement Training to Engineers and Accounts Officers of Local Level – (Event 3) | Local levels of Nawalpur, Gorkha and Lamjung | 31 Oct.-2 Nov., 2021 | 16 | 5 | 21 |
| 9. | Public Procurement Training to Engineers and Accounts Officers of Local Level – (Event 4) | Local levels of Nawalpur, Gorkha and Lamjung | 31 Oct.-2 Nov., 2021 | 22 | 2 | 24 |
| 10. | Electronic Government Procurement Training | Gandaki Province level organizations | 31 Oct.-3 Nov. 2021 | 21 | 2 | 23 |
| 11. | Public Procurement Training - (Event 5) | Local Levels of Gandaki Province | 21-23 Nov. 2021 | 19 | 0 | 19 |
| 12. | Public Procurement Training - (Event 6) | Local Levels of Gandaki Province | 24-26 Nov. 2021 | 20 | 2 | 22 |
| 13. | Public Assets Management System (PAMS) – (Event 1) | Local Levels of Gandaki Province | 22-23 Nov. 2021 | 22 | 4 | 26 |
| 14. | Public Assets Management System (PAMS) – (Event 2) | Local Levels of Gandaki Province | 24-25 Nov. 2021 | 28 | 2 | 30 |
| 15. | Public Assets Management System (PAMS) – (Event 3) | Local Levels of Gandaki Province | 26-27 Nov. 2021 | 20 | 5 | 25 |
| 16. | Server Technology and Government Cloud Training-Province Level | Gandaki Province level organizations | 3-6 Dec. 2021 | 19 | 8 | 27 |
| 17. | Fiduciary Risk Assessment Training | DCC and Financial Controllers Office | 8-9 Dec. 2021 | 27 | 4 | 31 |
| 18. | Workshop on Project Bank | Provincial Level | 17-18 Dec. 2021 | 36 | 3 | 39 |
| 19. | Server Technology and Government Cloud Training-Local Level (Event 1) | Local Levels of Syangja, Kaski, Manang and Lamjung | 24-27 Dec. 2021 | 24 | 1 | 25 |

| S.N | Name of activity | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 20. | Building Code Training | Local Levels | 12-14 Jan., 2022 | 22 | 1 | 23 |
| 21. | Building Code Training | Local Levels | 12-14 Jan., 2022 | 18 | 2 | 20 |
| 22. | PAMS training (Provincial Level (Event 1) | Provincial Level offices | 12-14 Jan., 2022 | 21 | 5 | 26 |
| 23. | PAMS training (Provincial Level (Event 2) | Provincial and district level offices | 16-18 Jan. 2022 | 17 | 2 | 19 |
| 24. | Server Technology and Government Cloud Training-Local Level (Event 2) | IT officers working in Local Level | 14-17 Jan. 2022 | 20 | 2 | 22 |
| 25. | Integrated Education Management Information System (Event 1) | Education Officers of Local Levels | 14-15 Feb. 2022 | 27 | 6 | 33 |
| 26. | Integrated Education Management Information System (Event 2) | Education Officers of Local Levels | 14-15 Feb. 2022 | 27 | 5 | 32 |
| 27. | Integrated Education Management Information System (Event 3) | Education Officers of Local Levels | 16-17 Feb. 2022 | 27 | 2 | 29 |
| 28. | Monitoring and Evaluation System Management Training (Event 1) | Provincial Level Staff | 18 Feb. 2022 | 14 | 13 | 27 |
| 29. | Monitoring and Evaluation System Management Training (Event 2) | Provincial Level Staff | 18 Feb. 2022 | 17 | 3 | 20 |
| 30. | Building Code Training | Local Level staff | 20-22 Feb. 2022 | 23 | 4 | 27 |
| 31. | Building Code Training | Local Level staff | 20-22 Feb. 2022 | 19 | 1 | 20 |
| 32. | Public Procurement Training for Provincial Level (Event 1) | Provincial Level Staff | 22-23 Feb. 2022 | 13 | 6 | 19 |
| 33. | Public Procurement Training for Provincial Level (Event 2) | District Level Staff | 23-25 Feb. 2022 | 24 | 1 | 25 |
| 34. | Public Procurement Training for Provincial Level (Event 3) | District Level Staff | 23-25 Feb. 2022 | 11 | 7 | 18 |
| 35. | Building Code Training | 26 Municipalities | 24-26 Feb. 2022 | 30 | 7 | 37 |

| S.N | Name of activity | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 36. | Training on Internal Control System | District Level Staff | 27-28 Feb. 2022 | 24 | 2 | 26 |
| 37. | Server Technology and Government Cloud Training-Local Level (Event 3) | IT officers working in Local Level | 13-16 March, 2022 | 22 | 4 | 26 |
| 38. | Training on DPR preparation (Event 1) | Engineers of Local Level | 3-4 April, 2022 | 41 | 3 | 44 |
| 39. | Training on DPR preparation (Event 2) | Engineers of Local Level | 22-23 Apr. 2022 | 29 | 1 | 30 |
| 40. | Training on DPR preparation (Event 3) | Engineers of Local Level | 22-23 Apr. 2022 | 25 | 3 | 28 |
| 41. | Safety and Security training for drivers | Drivers working in provincial ministries and organizations | 5 June, 2022 | 31 | 0 | 31 |
| 42. | Hospitality Management training for office assistants | Office assistants working in provincial ministries and organizations | 5 June, 2022 | 22 | 19 | 41 |
| 43. | Orientation to newly elected officials (Group 1) | Local levels | 10-11 June, 2022 | 30 | 16 | 46 |
| 44. | Orientation to newly elected officials (Group 2) | Local levels | 10-11 June, 2022 | 17 | 14 | 31 |
| 45. | Orientation to newly elected officials (Group 3) | Local levels | 10-11 June, 2022 | 19 | 15 | 34 |
| 46. | Orientation to newly elected officials (Group 4) | Local levels | 10-11 June, 2022 | 36 | 12 | 48 |
| 47. | Monitoring and Evaluation Training to Provincial Level staff | Provincial Level staff | 21-22 June, 2022 | 12 | 5 | 17 |
| 48. | Basic driving skill training to OCMCM staff | OCMCM staff | One Month | 15 | 5 | 20 |
| | | | Total | 1210 | 259 | 1469 |

उल्लिखित तालिमबाट १२१० जना पुरुष र २५९ जना महिला गरी जम्मा १४६९ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । कार्यक्रममा सहभागी महिला पुरुषको विवरण तलका चार्टमा उल्लेख गरिएको छ । उपर्युक्त चार्ट अनुसार कुल १४६९ जना सहभागी मध्ये १८ प्रतिशत महिला र बाँकी ८२ प्रतिशत पुरुष रहेका छन् ।







(सफलताको कथा–१)

**"खरिद तालिमले कार्यालयको खरिद व्यवस्थित गरेको छ ।"**



थसाङ गाउँपालिका मुस्ताङका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र सुवेदी भन्नुहुन्छ, "हामीले खरिद क्षेत्रमा सधैं चुनौतीको सामना गर्नुपरेको थियो । ठूलो मूल्यको खरिदमा झन समस्या थियो । अन्तिम लेखापरीक्षण पछि हामीले धेरै आर्थिक समस्याहरूको सामना गर्नुपर्‍यो । जब हामीले PLGSP अन्तर्गत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले सार्वजनिक खरिद प्रक्रियाको ऐन र नियमहरूको बारेमा तालिम प्रदान गर्‍यो, त्यसले खरिदका मापदण्ड र प्रक्रियाको आधारभूत ज्ञान प्राप्त भयो । अब हामी स्थानीय तहमा ढुक्क भएर खरिद गर्न सक्षम भएका छौं । गत वर्षको तुलनामा अहिले हामीले धेरै आर्थिक प्रगति गरेका छौं । हामी स्थानीय तहको क्षमता अभिवृद्धि गर्न यस प्रकारका थप तालिमहरूको अपेक्षा गर्दछौं । यसका लागि मैले प्रतिष्ठानलाई धन्यवाद दिनै पर्छ" ।

### ४. लैंगिक उत्तरदायी बजेट तथा लैससास परीक्षण

लैंगिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा नेपालको कानून प्रगतिशील भएता पनि, भौगोलिक विकटता, परम्परागत मूल्यमान्यता, स्थानीय स्तरमा तालिम तथा जनचेतनामूलक कार्यक्रमको कमी एवम् स्पष्ट कार्यविधिको अभावका कारण व्यवहारिक रुपमा अझै समस्या विधमान छन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा भए गरेका कानूनी व्यवस्थाको कार्यान्वय गर्दै प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो । यस आर्थिक वर्षमा सबै स्थानीय तहमा सो कार्यक्रम सम्पन्न भएकोछ ।



लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी नीति नियमहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने एवम् सबै स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना निर्माणका लागि स्थानीय तहलाई सहयोग गर्ने सो अभिमुखीकरणको उद्देश्य रहेको थियो । लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण कार्यक्रममा स्थनीय तहका उपप्रमुख वा उपाध्यक्ष र महिला विकास शाखामा कार्यरत कर्मचारीलाई सहभागी गराइएको थियो । तालिमको अन्तमा सहभागीले आ-आफ्नो पालिकाको लैससास मूलप्रवाहीकरण कार्ययोजना तयार गरेका थिए । सोही कार्ययोजनालाई आधार मानी तालिम पश्चातको अनुगमन र फलोअप सञ्चालन गरिनेछ ।

त्यसैगरी स्थानीय तहले अवलम्बन गरेका लैससास सम्बन्धी नीति, कार्यान्वयन गरेका कार्यक्रम र आगामी दिनको कार्ययोजना तयार गर्ने उद्देश्यले यस आ.व. मा ४९ पालिकामा लैससास परीक्षणको काम सम्पन्न भएकोछ । लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका पालिकाहरूमा सूचकमा आधारित लैससास परीक्षण गरी लैससास रणनीति तयार गर्ने अभिप्रायका साथ लैससास परीक्षण गराइएको हो । लैससास परीक्षणमा स्थनीय तहका जनप्रतिनिधि र कर्मचारीलाई संलग्न गराइएको थियो । लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण र लैससास परीक्षणबाट कुल २५०० जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । यी कार्यक्रमबाट स्थनीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

लैगिक उत्तरदायी बजेट र लैससास परीक्षणका लागि प्रतिष्ठानले विज्ञ परामर्शदाता एवम् सहजकर्ताको लागि अभिमुखीकरण तथा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी स्थानीय तहमा सहजीकरणका लागि परिचालन गरेको थियो । सहजकर्ताको १ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा २४ जना पुरुष र ११ जना महिला गरी जम्मा ३५ जनाको सहभागीता रहेको थियो । गत आ.व. मा प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका सहजकर्ताहरूलाई लैससास परीक्षणमा संलग्न गराइएको थियो । यस आ.व.को लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको विस्तृत विवरण निम्नानुसार छ ।

| S.N | Name of activity | District | Name of local level/others | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | GESI Audit | Lamjung | Sundarbazar Municipality | 28-30 Sep 2021 | 16 | 16 | 32 |
| 2 | Gender Responsive Budgeting (GRB TOT) | Kaski | Provincial level | 4-5 Oct 2021 | 24 | 11 | 35 |
| 3 | GESI Audit | Nawalpur | Kawasoti Municipality | 5-6 Oct 2021 | 27 | 10 | 37 |
| 4 | GESI Audit | Lamjung | Rainas Rural Municipality | 6-8 Oct 2021 | 23 | 13 | 36 |
| 5 | GESI Audit | Lamjung | Dudhpokhari Rural Municipality | 9-11 Oct 2021 | 24 | 12 | 36 |
| 6 | GESI Audit | Kaski | Annapurna Rural Municipallity | 24-26 Oct 2021 | 20 | 17 | 37 |
| 7 | GESI Audit | Lamjung | Besisahar Municipality | 24-26 Oct 2021 | 17 | 20 | 37 |
| 8 | GESI Audit | Kaski | Madi Rural Municipality | 28-30 Oct 2021 | 25 | 8 | 33 |
| 9 | GESI Audit | Lamjung | Marsyangdi Rural Municipality | 28-30 Oct 2021 | 25 | 12 | 37 |
| 10 | GESI Audit | Baglung | Baglung Municipality | 28-30 Oct 2021 | 21 | 15 | 36 |
| 11 | GESI Audit | Tanahun | Vays Municipality | 31 Oct-2 Nov | 22 | 12 | 34 |
| 12 | GESI Audit | Tanahun | Bhanu Municipality | 31 Oct-2 Nov | 28 | 9 | 37 |
| 13 | GESI Audit | Lamjung | Dordi Rural Municipality | 1-3 Nov 2021 | 25 | 8 | 33 |
| 14 | GESI Audit | Pokhara | Rupa Rural Municipality | 17-19 Nov 2021 | 22 | 9 | 31 |
| 15 | GESI Audit | Lamjung | Kholashothar Rural Municipality | 19-21 Nov 2021 | 25 | 8 | 33 |
| 16 | GESI Audit | Tanahun | Bhimad Municipality | 21-23 Nov 2021 | 30 | 11 | 41 |
| 17 | GESI Audit | Lamjung | Madhyanepal Municipality | 23-25 Nov 2021 | 18 | 14 | 32 |
| 18 | GESI Audit | Gorkha | Bhimsenthapa Rural Municipality | 28-30 Nov 2021 | 22 | 9 | 31 |
| 19 | GESI Audit | Gorkha | Barpaksulikot Rural Municipality | 4-6 Dec 2021 | 17 | 10 | 27 |
| 20 | GRB (Event-1) | Kaski | Local Levels of Kaski, Parbat, Tanahun, Gorkha, Nawalparasi | 6-7 Dec 2021 | 2 | 44 | 46 |
| 21 | 16 days celebration | Tanahun | Vays Municipality | 5-Dec-21 | 20 | 35 | 55 |
| 22 | 16 days celebration | Kaski | Madi Rural Municipality | 8-9 Dec 2021 | 28 | 38 | 66 |

| S.N | Name of activity | District | Name of local level/others | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 23 | 16 days celebration | Nawalparasi | Kawaswoti Municipality | 8-Dec-21 | 50 | 150 | 200 |
| 24 | 16 days celebration | Kaski | Rupa Rural Municipality | 8-9 Dec 2021 | 52 | 29 | 81 |
| 25 | GESI Audit | Gorkha | Shaidlakhan Rural Municipality | 8-10 Dec 2021 | 22 | 9 | 31 |
| 26 | 16 days celebration | Kaski | Annapurna Rural Municipality | 10-Dec-21 | 25 | 47 | 72 |
| 27 | GESI Audit | Parbat | Mahashila Rural Municipality | 13-15 Dec 2021 | 24 | 10 | 34 |
| 28 | GESI Audit | Gorkha | Dharche Rural Municipality | 15-17 Dec 2021 | 17 | 14 | 31 |
| 29 | GESI Audit | Syangja | Phedikhola Rural Municipality | 16-18 Dec 2021 | 23 | 10 | 33 |
| 30 | GESI Audit | Tanahun | Anbu khaireni Municipality | 20-22 Dec 2021 | 18 | 14 | 32 |
| 31 | GESI Audit | Parbat | Kushma Municipality | 20-22 Dec 2021 | 26 | 10 | 36 |
| 32 | GESI Audit | Gorkha | Arughat Rural Municipality | 21-23 Dec 2021 | 20 | 20 | 40 |
| 33 | GESI Audit | Tanahun | Devghat Rural Municipality | 26-28 Dec 2021 | 15 | 20 | 35 |
| 34 | GESI Audit | Tanahun | Suklagandaki Municipality | 27-29 Dec 2021 | 19 | 16 | 35 |
| 35 | GESI Audit | Gorkha | Gorkha Municipality | 27-29 Dec 2021 | 27 | 21 | 48 |
| 36 | GESI Audit | Parbat | Modi Rural Municipality | 2-4 Jan 2022 | 34 | 11 | 45 |
| 37 | GESI Audit | Syangja | Putalibazar Municipality | 3-5 Jan 2022 | 27 | 10 | 37 |
| 38 | GESI Audit | Syangja | Waling Municipality | 6-8 Jan 2022 | 25 | 12 | 37 |
| 39 | GRB Orientation (Event – 1) | Lamjung | Local Levels of Lamjung and Manang | 6-7 Jan 2022 | 15 | 16 | 31 |
| 40 | GESI Audit | Gorkha | Palungtar Rural Municipality | 6-8 Jan 2022 | 20 | 10 | 30 |
| 41 | GESI Audit | Gorkha | Siranchowk Rural Municipality | 11-13 Jan 2022 | 24 | 8 | 32 |
| 42 | GRB Orientaiton (Event – 2) | Baglung and Mustang | Local Levels of Baglung and Mustang | 18-19 Jan 2022 | 5 | 16 | 21 |
| 43 | GRB Orientation (Event – 3) | Syangja and Myagdi | Loal Levels of Syangja and Myagdi | 20-21 Jan 2022 | 11 | 21 | 32 |

| S.N | Name of activity | District | Name of local level/others | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 44 | GESI Audit | Parbat | Bihadi Rural Municipality | 16-18 Feb 2022 | 21 | 13 | 34 |
| 45 | GESI Audit | Syangja | Arjunchaupari Rural Municipality | 24-26 Feb 2022 | 19 | 12 | 31 |
| 46 | GESI Audit | Syangja | Gandaki Rural Municipality | 3-5 March 2022 | 25 | 20 | 45 |
| 47 | GESI Audit | Syangja | Bhirkot Municipality | 10-12 March 2022 | 18 | 15 | 33 |
| 48 | GESI Audit | Parbat | Phalebas Municipality | 16-18 March 2022 | 27 | 12 | 39 |
| 49 | GESI Audit | Tanahun | Bandipur Rural Municipality | 20-22 March 2022 | 19 | 21 | 40 |
| 50 | GESI Audit | Syangja | Galyang Municipality | 22-24 March 2022 | 19 | 21 | 40 |
| 51 | Work Place Harassment Code of Condut | Kaski, Tanahun, Lamjung | Kaski, Tanahu and Lamjung | 24-25 March 2022 | 14 | 36 | 50 |
| 52 | Kaski, Tanahu and Lamjung | 24-25 March 2022 | 14 | 36 | 50 | 17 | 34 |
| 53 | GESI Audit | Syangja | Harinash Rural Municipality | 6-8 April 2022 | 18 | 19 | 37 |
| 54 | GESI Audit | Parbat | Paiyun Rural Municipality | 11-13 April 2022 | 22 | 18 | 40 |
| 55 | GESI Audit | Parbat | Jaimini Municipality | 18-20 April 2022 | 21 | 17 | 38 |
| 56 | GESI Audit | Parbat | Jaljala Rural Municipality | 22-24 April 2022 | 19 | 21 | 40 |
| 57 | GESI Audit | Myagdi | Beni Municipality | 5-7 May 2022 | 28 | 26 | 54 |
| 58 | GRB Orientation for newly elected officials of Municplaity/Rural Municipality (Event – 4) | Gorkha | Local Levels of Gorkha | 6-7 June, 2022 | 1 | 18 | 19 |
| 59 | GRB Orientation for newly elected officials of Municplaity/Rural Municipality (Event – 5) | Syangja | Local Levels of Syangja | 7-8 June, 2022 | 5 | 25 | 30 |
| 60 | GESI Audit | Nawalpur | Bulingtar Rural Municipality | 1-3 July 2022 | 16 | 18 | 34 |
| 61 | GESI Audit | Nawalpur | Baudikali Rural Municipality | 5-7 July 2022 | 19 | 14 | 33 |
| 62 | GESI Audit | Nawalpur | Hupsekot Rural Municipality | 9-11 July 2022 | 15 | 19 | 34 |
| Total | | | | | 1323 | 1177 | 2500 |

(सफलताको कथा–२)

**"यो ५ बर्ष भित्र हामी हाम्रो ६० प्रतिशत बजेटलाई लैगिक उत्तरदायी बनाउने छौं।"**




सिरानचोक गाउँपालिकाको उपाध्यक्ष श्री रिता देवकोटा भन्नुहुन्छ, "जब हामी नियुक्त भएर आयौं, त्यस वेला हामीलाई कार्यक्रम, बजेट तथा योजना के हो ? कसरी बनाउने हो भन्ने केही अनुभव थिएन । तर अहिले हामीले धेरै कुराहरू अनुभवको आधारमा सिकिसकेका छौं। सिकाइकै क्रममा जब गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले लैगिक उत्तरदायी बजेट निर्माण सम्वन्धी तालिम दियो र त्यस तालिमको क्रममा हाम्रो स्थानीय तहको बजेटलाई कति लैंगिक उत्तरदायी छ भनेर अभ्यास गरेर हेर्यौं, तब म छक्कै परैं, हाम्रो कुल विकास बजेटको १.५ प्रतिशत बजेट मात्र लैंगिक उत्तरदायी बजेट रहेछ। यस तालिम पश्चात मैले तुरुन्तै हाम्रो पालिकाको टिमसँग बसेर लैंगिक उत्तरदायी बजेट र यसको स्कोरिङ गर्ने तरिका बारेमा बताएँ। निर्माण भई सकेको कार्यक्रम तथा बजेटलाई लैंगिक उत्तरदायी बनाउन पुस महिनामा हिउँदे गाउँसभा मार्फत परिमार्जन गरी बजेट तथा कार्यक्रमलाई लैगिक उत्तरदायी बनाएँ। यसको लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई धन्यवाद दिन चाहान्छु।"

रिता देवकोटा पहिलो र दोश्रो स्थानीय तहको चुनावमा उपाध्यक्षको रुपमा निर्वाचित हुनुभएकोछ। उहाँ भन्नुहुन्छ "यो ५ बर्षभित्र हामी हाम्रो ६० प्रतिशत बजेटलाई लैगिक उत्तरदायी बजेट बनाउने लक्ष्य लिएका छौ।"

### ५. स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कन

नेपालको संविधानले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कानूनी, शासकीय र आर्थिक पक्षहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। यसै सन्दर्भमा स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरूको पहिचान गर्ने, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्ने र स्थानीय तह बीचमा तुलना योग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उदेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ। यस कार्यविधिले स्थानीय तहको शासकीय अवस्थाको सवल र सुधार गर्नुपर्ने पक्षको लोखाजोखा गरी सुधार गर्नुपर्ने क्षेत्रहरूका लागि कार्ययोजना तयार गर्न मद्धत पुऱ्याउँदछ।

गत आ.व. देखि सुरु भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्यले यस आ.व. मा समेत निरन्तरता पायो । गत आ.व. मा स्वमूल्याङ्कन कार्यविधिको अभिमुखीकरण र स्वमूल्याङ्कन प्रक्रियाका बारेमा गाउँपालिका तथा नगरपालिकाहरूलाई अभिमुखीकरण गरी स्वमूल्याङ्कन नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा विकास गरिएको वेभसाईट मार्फत सार्वजनिक गर्ने कार्य सुरु भएकोमा यस वर्ष सोको फलोअपका लागि निम्न लिखित कार्यक्रमहरू सम्पन्न भए ।

### क. स्थानीय तहको अभिमुखीकरण

गत आ.व. मा अभिमुखीकरणको अवसर प्राप्त नगरेका १७ स्थानीय तहका लागि श्रावण ३१ देखि भाद्र १ गतेसम्म भर्चुअल विधिबाट संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण सम्पन्न भयो । उक्त अभिमुखीकरणमा स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख गरी ९६ जनाको सहभागीता रहेको थियो ।

### ख. प्रदेशस्तरीय छलफल

गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यमा गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारीसँग स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन नतिजा माथि छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०७८ असोज ११ गते सम्पन्न भयो । सो कार्यक्रममा ७९ पुरुष र ३ जना महिला गरी जम्मा ८२ जनाको सहभागीता रहेको थियो । उक्त अन्तरक्रियाले स्थानीय तहहरूको प्रारम्भिक नतिजामाथि छलफल र पृष्ठपोषणको अवसर प्रदान गरेको थियो । कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रदेश सरकारका मुख्यन्यायाधिवक्ता श्री रोहित राज बास्तोला लगाएतको उपस्थिति रहेको थियो ।



### ग. जिल्लास्तरीय छलफल

स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कनलाई संस्थागत गर्न, नतिजाको गुणस्तर सुनिश्चित गर्न एवम् स्व-मूल्याङ्कन कार्यविधि र स्व-मूल्याङ्कन प्रक्रियामा देखिएका समस्या उपर छलफल गर्न जिल्ला समन्वय समिति मार्फत जिल्लास्तरीय छलफल तथा अनुभव आदान प्रदान कार्यक्रम सबै जिल्लामा सम्पन्न भयो । यस कार्यक्रमले जिल्ला समन्वय समिति र स्थानीय तह बीच संस्थागत क्षमता विकासको क्षेत्रमा सहकार्यका थप संभावना उजागर गर्न मद्धत गरेको छ । जिल्लास्तरीय संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यक्रमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**District Level LISA Orientation Program**

| S.N | District | Name of Local Level | Date (English) | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 1 | Kaski | All Local Levels | 5-6 Dec 2021 | 16 | 2 | 18 |
| 2 | Lamjung | All Local Levels | 12-13 Dec 2021 | 16 | 2 | 18 |
| 3 | Tanahun | All Local Levels | 5-6 Dec 2021 | 25 | 3 | 28 |
| 4 | Syangja | All Local Levels | 14-15 Dec 2021 | 28 | 3 | 31 |
| 5 | Parbat | All Local Levels | 20-21 Nov 2021 | 15 | 5 | 20 |
| 6 | Baglung | All Local Levels | 18-19 Nov 2021 | 20 | 0 | 20 |
| 7 | Myagdi | All Local Levels | 11-12 Nov 2021 | 9 | 6 | 15 |
| 8 | Gorkha | All Local Levels | 6-7 Dec 2021 | 24 | 5 | 29 |
| 9 | Mustang | All Local Levels | 18-19 Dec 2021 | 10 | 2 | 12 |
| 10 | Nawalparasi | All Local Levels | 20-21 Dec 2021 | 19 | 2 | 21 |
| 11 | Manang | All Local Levels | 6 Mar 2022 | 11 | 3 | 14 |
| Total | | | | 193 | 33 | 226 |

स्थानीय तहमा सम्पन्न उल्लिखित कार्यक्रममा १९३ जना पुरुष र ३३ जना महिला गरी कुल २२६ जना जनप्रतिनिधि र कर्मचारीको सहभागीता रहेको थियो । उक्त कार्यक्रमले स्व-मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्न मद्धत पुगेको छ ।

### घ. गुणस्तर परीक्षण

स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजालाई तेस्रो पक्षबाट समेत प्रमाणीकरण गर्ने अभिप्रायले सबै स्थानीय तहको विज्ञ परामर्शदाताबाट गुणस्तर परीक्षणको कार्य सम्पन्न भयो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आयोजना गरेको प्रशिक्षक प्रशिक्षणमा सहभागी विज्ञहरूलाई संलग्न गराई उक्त परीक्षण गरिएको थियो । यसले स्थानीय तहद्वारा गरिने स्व-मूल्याङ्कनलाई थप भरपर्दो बनाउन मद्धत पुगेको छ ।

### ६. स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी सोको लेखाजोखाको माध्यमबाट वित्तीय सुशासनलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ तर्जुमा गरेको छ । सो कार्यविधिको अभिमुखीकरण एवम् वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्ययोजना निर्माण गर्ने उद्देश्यले स्थनीय तहको जिल्ला स्तरीय अभिमुखीकरण गण्डकी प्रदेशका सबै जिल्लामा सम्पन्न भयो । कार्यविधि अनुसार पाँच वटा विषयगत क्षेत्र : (१) बजेट, योजना तथा कार्यक्रम, (२) कार्यान्वयन क्षमता तथा व्यवस्थापन, (३) लेखाङ्कन तथा प्रतिवेदन, (४) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण, र

(५) राजस्व व्यवस्थापन अन्तर्गत एक सय वटा सूचकमा आधारित भएर सो मूल्याङ्कन गरिन्छ ।

स्थानीय तहको अभिमुखीकरणका लागि २०७८ मंसिर २२ र २३ गते जिल्ला समन्वय समिति, प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालयका ३१ जना कर्मचारीहरूको प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त प्रशिक्षक प्रशिक्षण पश्चात जिल्ला समन्वय समितिको समन्वय र सहजीकरणमा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमबाट ३३५ जना पुरुष र ७६ जना महिला गरी जम्मा ४११ जना जनप्रतिनिधि र कर्मचारी प्रशिक्षित भएका छन् । यसको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

District Level Fiduciary Risk Assessment Orientation

| S.N | District | Name of local level | Date (English) | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 1 | Kaski | All Local Levels | 23-25 Feb. 2022 | 17 | 8 | 25 |
| 2 | Lamjung | All Local Levels | 22-24 Feb. 2022 | 36 | 8 | 44 |
| 3 | Tanahun | All Local Levels | 12-Jan-14, 2022 | 34 | 8 | 42 |
| 4 | Syangja | All Local Levels | 16-18 Jan., 2022 | 46 | 7 | 53 |
| 5 | Parbat | All Local Levels | 18-20 Jan. 2022 | 32 | 8 | 40 |
| 6 | Baglung | All Local Levels | 17-19 Jan. 2022 | 44 | 2 | 46 |
| 7 | Myagdi | All Local Levels | 16-18 Feb. 2022 | 31 | 5 | 36 |
| 8 | Gorkha | All Local Levels | 17-Jan-19, 2022 | 36 | 19 | 55 |
| 9 | Mustang | All Local Levels | 1-2 April, 2022 | 19 | 3 | 22 |
| 10 | Nawalparasi | All Local Levels | 16-18 Feb. 2022 | 23 | 4 | 27 |
| 11 | Manang | All Local Levels | 1-2 June, 2022 | 17 | 4 | 21 |
| | | | Total | 335 | 76 | 411 |

उल्लिखित अभिमुखीकरणको नतिजा स्वरुप ३४ स्थानीय तहले आफ्नो पालिकाको वित्तीय जोखिमको मूल्याङ्कन गरी सोको नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको वेभ पोर्टलमा अपलोडसमेत गरिसकेका छन् । यसले स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

### ७. स्थानीय तहको सार्वजनिक सुनुवाई / सार्वजनिक परीक्षण

स्थानीय तहले प्रदान गरेका सेवाप्रति सेवाग्राहीको धारणा पत्ता लगाउने र सोका आधारमा स्थानीय तहलाई जनताप्रति थप उत्तरदायी बनाउने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम कार्यान्वयनमा आर्थिक एवम् प्राविधिक सहयोग प्रदान गर्ने तथा स्थानीय तहद्वारा सञ्चालन भएका योजनाहरूको लागत, लाभ, कार्यसञ्चालन प्रक्रिया, उपलब्धि आदि सम्बन्धित उपभोक्ता माझ प्रस्तुत गरी कार्यक्रमको पारदर्शिता र लाभग्राही प्रतिको जवाफदेहिता अभिवृद्धि गराउने उद्देश्यले सार्वजनिक परीक्षणमा आर्थिक एवम् प्राविधिक सहयोग गर्ने कार्यको प्रारम्भ भयो । यस आ.व.मा गण्डकी प्रदेशका ११ पालिकासँग सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण कार्यक्रम कार्यान्वयनका लागि समभ्रुदारी गरी उल्लिखित कार्य सम्पन्न भयो । त्यसका लागि प्रतिष्ठानबाट प्रति कार्यक्रम

बढिमा एक लाख रुपयाँ सम्मको आर्थिक सहयोग र आवश्यकता अनुसार प्राविधिक सहयोग प्रदान गरियो। नागरिक निगरानीको प्रवर्द्धन गर्न, स्थानीय तहका सेवालाई जनताप्रति उत्तरदायी बनाउन तथा स्थानीय शासनको सुदृढीकरण गर्न प्रयोग गरिने सामाजिक जवाफदेहिताका औजारको सही तरिकाबाट प्रयोग गर्न स्थानीय तहको क्षमता विकास गर्ने उद्देश्यले यस्तो सहयोग गरिएको हो। यस आ.व. मा प्रतिष्ठान मार्फत सहयोग प्राप्त गरेका पालिकाहरूको विवरण देहाय बमोजिम छ।

**Details of Public Hearing**

| S.N | District | Name of local level | Date (English) | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 1 | Kaski | Madi Rural Municipality | 1 Nov 2021 | 166 | 58 | 224 |
| 2 | Kaski | Annapurna Rural Municipality | 23 Dec 2021 | 102 | 36 | 138 |
| 3 | Baglung | Bareng Rural Municipality | 27 Mar 2022 | 62 | 23 | 85 |
| 4 | Gorkha | Gandaki Rural Municipality | 24 Mar 2022 | 46 | 21 | 67 |
| 5 | Gorkha | Dharche Rural Municpality | 29 Mar 2022 | 27 | 12 | 39 |
| 6 | Gorkha | Arughat Rural Municpality | 11 Apr 2022 | 51 | 18 | 69 |
| 7 | Gorkha | Gorkha Municipality | 28 Jun 2022 | 62 | 20 | 82 |
| 8 | Nawalpur | Madhyabindu Municipality | 8 Apr 2022 | 117 | 43 | 160 |
| 9 | Syangja | Kaligandaki Rural Municipality | 6 Apr 2022 | | 108 | 141 |
| 10 | Syangja | Arjunchaupari Rural Municipality | 20 Apr 2022 | 52 | 13 | 65 |
| 11 | Mustang | Gharapjhong Rural Municipality | 5 Jul 2022 | 62 | 20 | 82 |
| | | | Total | 855 | 297 | 1152 |

उल्लिखित पालिकाहरूमा सञ्चालित सार्वजनिक सुनुवाई कार्यक्रममा २९७ जना महिला र ८५५ पुरुष गरी कुल ११५२ जनाको सहभागीता रहेको थियो। उक्त कार्यक्रमले स्थानीय तहको सेवा प्रवाहमा नागरिक निगरानी प्रवर्द्धन गर्ने एवम् सेवा प्रवाह थप उत्तरदायी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### ८. स्थानीय तहको आवधिक योजना तर्जुमा

स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न भई दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भइसकेको छ। तथापि कतिपय स्थानीय तहको हालसम्म पनि आवधिक योजना तयार हुन सकेको छैन। प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूको आवधिक योजना तर्जुमा गर्न सहयोग गर्ने प्रदेश सरकारको नीतिअनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा गत आ.व. मा २५ वटा स्थानीय तहमा आवधिक योजना निर्माण भएको थियो भने आवधिक योजना तर्जुमा गर्न बाँकी रहेका १३ स्थानीय तहसँग चालु आ.व.मा आवधिक योजनाका लागि समझदारी भएको थियो।

स्थानीय तहको अगुवाइमा संघीय सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको पहिलो आवधिक योजनासँग तादात्म्य कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी यस आ.व. मा ८ वटा पालिकाले आफ्नो आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका छन्। उक्त योजनाका लागि प्रतिष्ठानमार्फत दश लाख

रुपयाँको आर्थिक सहयोग गर्ने गरी स्थानीय तह र प्रतिष्ठानका बीच समझदारी भएको थियो । चालु आ.व. मा आवधिक योजना निर्माण गरेका स्थानीय तहको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
|---|---|---|---|
| १. | कास्की | मादी गाउँपालिका | सम्पन्न |
| २. | बागलुङ | ढोरपाटन नगरपालिका | सम्पन्न |
| ३. | बागलुङ | बागलुङ नगरपालिका | |
| ४. | म्याग्दी | अन्नपूर्ण गाउँपालिका | सम्पन्न |
| ५. | म्याग्दी | मालिका गाउँपालिका | |
| ६. | तनहुँ | बन्दिपुर गाउँपालिका | सम्पन्न |
| ७. | लमजुङ | बेशीशहर नगरपालिका | |
| ८. | लमजुङ | मध्यनेपाल नगरपालिका | |
| ९. | लमजुङ | सुन्दरबजार नगरपालिका | सम्पन्न |
| १०. | स्याङ्जा | हरिनाश गाउँपालिका | सम्पन्न |
| ११. | पर्वत | विहादी गाउँपालिका | |
| १२. | बागलुङ | वरेङ गाउँपालिका | सम्पन्न |
| १३. | नवलपुर | हुप्सेकोट गाउँपालिका | सम्पन्न |

स्थानीय तहले तयार गरेको आवधिक योजनाको गुणस्तर सुनिश्चि गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा पृष्ठपोषण गर्ने व्यवस्था मिलाइएको थियो भने प्रतिष्ठानबाट समेत आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको थियो ।

### ९. स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण

स्थानीय तहको आन्तरिक आयको वर्तमान अवस्थाको विश्लेषण गर्ने, राजस्वका संभावनाहरूको पहिचान गर्ने र संभावित श्रोतहरूको अधिकतम प्रयोगमार्फत स्थानीय तहको आन्तरिक आय वृद्धिको समयबद्ध योजना तर्जुमा गर्ने उद्देश्यले यस आर्थिक वर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत ३४ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण गर्ने योजना रहेकोमा जम्मा २९ वटा स्थानीय तहले त्यस्तो कार्य सम्पन्न गरेका छन् । यसका लागि स्थानीय तह र प्रतिष्ठानका बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णय बमोजिम प्रति स्थानीय तह पाँच लाख रुपयाँसम्मको आर्थिक सहयोग प्रतिष्ठानमार्फत उपलब्ध गराउने र राजस्व सुधार कार्य योजना निर्माणको सम्पूर्ण जिम्मेबारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा राजस्व सुधार कार्ययोजना तयार गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति | क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
|---|---|---|---|---|---|
| १ | घरपझोङ गाउँपालिका | कार्य सम्पन्न | १८ | आँधिखोला गाउँपालिका | कार्य सम्पन्न |
| २ | थासाङ गाउँपालिका | कार्य सम्पन्न | १९ | फेदीखोला गाउँपालिका | |
| ३ | माछापुछ्रे गाउँपालिका | कार्य सम्पन्न | २० | गोरखा नगरपालिका | |
| ४ | मादी गाउँपालिका | कार्य सम्पन्न | २१ | पालुङटार नगरपालिका | |
| ५ | अन्नपूर्ण गाउँपालिका, म्याग्दी | कार्य सम्पन्न | २२ | आरुघाट गाउँपालिका | कार्य सम्पन्न |
| ६ | मंगला गाउँपालिका | कार्य सम्पन्न | २३ | बारपाक सुलिकोट गाउँपालिका | कार्य सम्पन्न |
| ७ | गल्कोट नगरपालिका | कार्य सम्पन्न | २४ | देबचुली नगरपालिका | कार्य सम्पन्न |
| ८ | बागलुङ नगरपालिका | कार्य सम्पन्न | २५ | विनयी त्रिबेणी गाउँपालिका | कार्य सम्पन्न |
| ९ | महाशिला गाउँपालिका | | २६ | मध्यबिन्दु नगरपालिका | कार्य सम्पन्न |
| १० | पैयुँ गाउँपालिका | | १७ | नासों गाउँपालिका | कार्य सम्पन्न |
| ११ | बिहादी गाउँपालिका | कार्य सम्पन्न | २८ | देवघाट गाउँपालिका | कार्य सम्पन्न |
| १२ | जलजला गाउँपालिका | कार्य सम्पन्न | २९ | ऋषिङ गाउँपालिका | कार्य समपन्न |
| १३ | मालिका गाउँपालिका | कार्य सम्पन्न | ३० | शुक्लागण्डकी नगरपालिका | कार्य सम्पन्न |
| १४ | पुतलीबजार नगरपालिका | कार्य सम्पन्न | ३१ | भिमाद गाउँपालिका | कार्य सम्पन्न |
| १५ | गल्याङ्ग नगरपालिका | कार्य सम्पन्न | ३२ | बेशीशहर नगरपालिका | कार्य सम्पन्न |
| १६ | भिरकोट नगरपालिका | कार्य सम्पन्न | ३३ | दोर्दी गाउँपालिका | कार्य सम्पन्न |
| १७ | अर्जुन चौपारी गाउँपालिका | कार्य सम्पन्न | ३४ | क्व्होलासोथार गाउँपालिका | कार्य सम्पन्न |
| राजस्व सुधार योजना बनाउने जम्मा स्थानीय तह २९ | | | | | |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणका लागि सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहको आर्थिक सक्षमता अभिवृद्धि र वित्तीय दिगोपनामा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### १०. स्थानीय तहको लैससास रणनीति निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा महिला तथा पिछडिएको वर्गको सहभागीता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई विकासमा मूलप्रवाहीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ बमोजिम गण्डकी प्रदेश सरकारले तर्जुमा गरेको लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्न योगदान गर्ने उद्देश्यले चालु आ.व. मा ७३ स्थानीय तहमा लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्ने योजना रहेकोमा ४४ स्थानीय.तहले सो योजना निर्माण गरेका छन् । यसका लागि स्थानीय तह र प्रतिष्ठान बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णयबमोजिम प्रति स्थानीय तह दुई लाख रुपयाँसम्मको आर्थिक सहयोग प्रतिष्ठान मार्फत उपलब्ध गराउने र लैससास रणनीति निर्माणको सम्पूर्ण जिम्मेबारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा लैससास रणनीति तर्जुमा गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति | क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
|---|---|---|---|---|---|
| १ | आरुघाट गाउँपालिका | कार्य सम्पन्न | १८ | रघुगंगा गाउँपालिका | |
| २ | गण्डकी गाउँपालिका | कार्य सम्पन्न | १९ | मालिका गाउँपालिका | कार्य सम्पन्न |
| ३ | शहिद लखन गाउँपालिका | कार्य सम्पन्न | २० | अन्नपूर्ण गाउँपालिका, म्याग्दी | कार्य सम्पन्न |
| ४ | गोरखा नगरपालिका | कार्य सम्पन्न | २१ | बेनी नगरपालिका | कार्य सम्पन्न |
| ५ | बारपाक सुलिकोट गाउँपालिका | कार्य सम्पन्न | २२ | विरुवा गाउँपालिका | कार्य सम्पन्न |
| ६ | धार्चे गाउँपालिका | कार्य सम्पन्न | २३ | कालिगण्डकी गाउँपालिका | |
| ७ | सिरानचोक गाउँपालिका | | २४ | हरिनास गाउँपालिका | कार्य सम्पन्न |
| ८ | पालुङटार नगरपालिका | | २५ | भिरकोट नगरपालिका | कार्य सम्पन्न |
| ९ | अजिरकोट गाउँपालिका | | २६ | फेदिखोला गाउँपालिका | कार्य सम्पन्न |
| १० | भिमसेन थापा गाउँपालिका | | २७ | गल्याङ नगरपालिका | कार्य सम्पन्न |
| ११ | चुमनब्री गाउँपालिका | | २८ | अर्जुनचौपारी गाउँपालिका | कार्य सम्पन्न |
| १२ | बागलुङ नगरपालिका | कार्य सम्पन्न | २९ | पुतलीबजार नगरपालिका | कार्य सम्पन्न |
| १३ | बरेङ गाउँपालिका | | ३० | वालिङ नगरपालिका | |
| १४ | ताराखोला गाउँपालिका | | ३१ | आँधीखोला गाउँपालिका | कार्य सम्पन्न |
| १५ | गल्कोट नगरपालिका | कार्य सम्पन्न | ३२ | जलजला गाउँपालिका | कार्य सम्पन्न |
| १६ | बडिगाड गाउँपालिका | | ३३ | माहाशिला गाउँपालिका | |
| १७ | जैमिनी नगरपालिका | | ३४ | पैयुँ गाउँपालिका | |

| क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति | क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
|---|---|---|---|---|---|
| ३५ | ढोरपाटन नगरपालिका | | ५५ | फलेवास नगरपालिका | कार्य सम्पन्न |
| ३६ | निशिखोला गाउँपालिका | कार्य सम्पन्न | ५६ | विहादी गाउँपालिका | कार्य सम्पन्न |
| ३७ | भिमाद नगरपालिका | | ५७ | कुस्मा नगरपालिका | कार्य सम्पन्न |
| ३८ | देवघाट गाउँपालिका | कार्य सम्पन्न | ५८ | मोदी गाउँपालिका | |
| ३९ | शुक्लागण्डकी नगरपालिका | कार्य सम्पन्न | ५९ | मादी गाउँपालिका | कार्य सम्पन्न |
| ४० | ऋषिङ गाउँपालिका | | ६० | अन्नपूर्ण गाउँपालिका कास्की | कार्य सम्पन्न |
| ४१ | घिरिङ गाउँपालिका | | ६१ | रुपा गाउँपालिका | कार्य सम्पन्न |
| ४२ | भानु नगरपालिका | कार्य सम्पन्न | ६२ | घरपझोङ गाउँपालिका | कार्य सम्पन्न |
| ४३ | बन्दिपुर गाउँपालिका | | ६३ | थासाङ गाउँपालिका | कार्य सम्पन्न |
| ४४ | व्यास नगरपालिका | कार्य सम्पन्न | ६४ | मध्यनेपाल नगरपालिका | |
| ४५ | आवुखैरेनी गाउँपालिका | | ६५ | राईनास नगरपालिका | कार्य सम्पन्न |
| ४६ | म्याग्दे गाउँपालिका | | ६६ | वेशिसहर नगरपालिका | कार्य सम्पन्न |
| ४७ | देवचुली नगरपालिका | कार्य सम्पन्न | ६७ | सुन्दरबजार नगरपालिका | |
| ४८ | विनयी त्रिवेणी गाउँपालिका | कार्य सम्पन्न | ६८ | मर्स्याङ्दी गाउँपालिका | |
| ४९ | मध्यबिन्दु नगरपालिका | कार्य सम्पन्न | ६९ | क्व्होलासोथार गाउँपालिका | कार्य सम्पन्न |
| ५० | कावासोती नगरपालिका | कार्य सम्पन्न | ७० | दोर्दी गाउँपालिका | |
| ५१ | बुलिङटार गाउँपालिका | | ७१ | दुधपोखरी गाउँपालिका | कार्य सम्पन्न |
| ५२ | बौदिकाली गाउँपालिका | कार्य सम्पन्न | ७२ | नासों गाउँपालिका | कार्य सम्पन्न |
| ५३ | मंगला गाउँपालिका | कार्य सम्पन्न | ७३ | मनाङ डिस्याङ गाउँपालिका | |
| ५४ | धवलागिरी गाउँपालिका | | | | |
| लैससास रणनीति निर्माण गरेका जम्मा स्थानीय तह ४४ | | | | | |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहमा लैससास मूलप्रवाहीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### ११. स्थानीय तहको क्षमता विकास योजना निर्माण

नेपालको संविधान र प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकारको प्रयोग गरी उत्तरदायीपूर्ण ढङ्गबाट कार्यसम्पादन गर्न निर्वाचित पदाधिकारी एवम् कर्मचारीहरूको कार्यदक्षता वृद्धिको लागि क्षमता विकासको वर्तमान अवस्थाको लेखाजोखा गर्न, प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, दक्षता र

विद्यमान क्षमता बीचको फरक पहिचान गरी क्षमता विकासका कार्यक्रम तर्जुमा गर्न, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न, संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको कार्यनीति निर्धारण गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत २६ वटा स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यक्रम रहेकोमा चालु आ.व.मा जम्मा २० वटा पालिकाले उक्त योजना निर्माणको कार्य सम्पन्न गरेका छन् ।

उल्लिखित योजना निर्माणका लागि स्थानीय तह र प्रतिष्ठानका बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णय बमोजिम प्रतिष्ठानमार्फत प्रति स्थानीय तह पाँच लाख रुपयाँ सम्मको आर्थिक एवम् आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने र योजना निर्माणको सम्पूर्ण जिम्मेबारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा क्षमता विकास योजना तर्जुमा गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति | क्र.सं. | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
|---|---|---|---|---|---|
| १ | पोखरा महानगरपालिका | | १४ | देवघाट गाउँपालिका | कार्य सम्पन्न |
| २ | माछापुछ्रे गाउँपालिका | कार्य सम्पन्न | १५ | ऋषिङ गाउँपालिका | कार्य सम्पन्न |
| ३ | महाशिला गाउँपालिका | | १६ | शुक्लागण्डकी नगरपालिका | कार्य सम्पन्न |
| ४ | पैयुँ गाउँपालिका | | १७ | बन्दीपुर गाउँपालिका | कार्य सम्पन्न |
| ५ | मंगला गाउँपालिका | कार्य सम्पन्न | १८ | क्व्होलासोथार गाउँपालिका | कार्य सम्पन्न |
| ६ | गल्कोट नगरपालिका | कार्य सम्पन्न | १९ | आरुघाट गाउँपालिका | कार्य सम्पन्न |
| ७ | पुतलीबजार नगरपालिका | कार्य सम्पन्न | २० | शहिद लखन गाउँपालिका | कार्य सम्पन्न |
| ८ | गल्याङ नगरपालिका | | २१ | गोरखा नगरपालिका | कार्य सम्पन्न |
| ९ | हरिनास गाउँपालिका | कार्य सम्पन्न | २२ | पालुङटार नगरपालिका | |
| १० | भिरकोट नगरपालिका | कार्य सम्पन्न | २३ | बारपाक सुलिकोट गाउँपालिका | कार्य सम्पन्न |
| ११ | अर्जुन चौपारी गाउँपालिका | कार्य सम्पन्न | २४ | नासों गाउँपालिका | कार्य सम्पन्न |
| १२ | फेदीखोला गाउँपालिका | | २५ | देबचुली नगरपालिका | कार्य सम्पन्न |
| १३ | घरपझोंग गाउँपालिका | कार्य सम्पन्न | २६ | विनयी त्रिवेणी गाउँपालिका | कार्य सम्पन्न |
| क्षमता विकास योजना निर्माण गर्ने जम्मा स्थानीय तह २० | | | | | |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट भर्खरै निर्वाचित जनप्रतिनिधिको क्षमता विकास र स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## १२. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान

प्रतिष्ठानले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा कास्कीका मादी, रुपा, अन्नपूर्ण गाउँपालिका, नवलपरासीको कावासोती नगरपालिका र तनहुँको व्यास नगरपालिकामा वैकल्पिक नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरेको छ। स्थानीय तहमा नेतृत्व सीप विकास गर्ने उद्देश्य राखिएको उक्त कार्यक्रमबाट जम्मा ४७४ जना लाभान्वित भएका छन् । महिला र पछाडि परेको वर्ग लक्षित उक्त कार्यक्रमले लैससास मूलप्रवाहीकरणमा समेत योगदान गर्ने अपेक्षा गरिएको छ ।

| Alternative Leadership Development Training | | | |
|---|---|---|---|
| Local Level | Male | Female | Total |
| Madi | 28 | 38 | 66 |
| Rupa | 52 | 29 | 81 |
| Annapurna | 25 | 47 | 72 |
| Kawaswoti | 50 | 150 | 200 |
| Vyas | 20 | 35 | 55 |
| Total | 175 | 299 | 474 |

## १३. स्थानीय तहमा भवन संहिता कार्यान्वयन सम्बन्धी तालिम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले निर्माण कार्य गर्दा गराउँदा राष्ट्रिय भवन संहिताको पालना गर्नु पर्ने व्यवस्था गरेको भएता पनि अधिकांस गाउँपालिकाहरूमा यसको कार्यान्वयन हुन सकेको छैन । नक्सापासको व्यवस्था भएका नगरपालिकाहरूमा पनि भवन संहितालाई दुरुस्त कार्यान्वयनमा ल्याउन सकेको पाइँदैन । यस वास्तविकतालाई मध्यनजर गरी स्थानीय तहमा भवन संहिता कार्यान्वयन गर्न आवश्यक ज्ञान, सीप, दक्षता अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेशका सबै स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीलाई राष्ट्रिय भवन संहिता सम्बन्धी ३ दिने तालिम सम्पन्न भयो। पाँचवटा समूहमा सञ्चालित उक्त तालिमबाट १२७ जना प्राविधिक कर्मचारी लाभान्वित भएका छन् । उक्त तालिमले स्थानीय तहलाई भवन संहिताको कार्यान्वयनमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



| राष्ट्रिय भवन संहिता सम्बन्धी तालिम सहभागी विवरण | |
|---|---|
| समूह १ | २३ जना |
| समूह २ | २० जना |
| समूह ३ | २७ जना |
| समूह ४ | २० जना |
| समूह ५ | ३७ जना |
| **जम्मा** | **१२७ जना** |

(सफलताको कथा–३)

**"भवन संहिता कार्यान्वयनद्वारा सुरक्षित भवनहरु निर्माण भएका छन्।"**



अन्नपूर्ण गाउँपालिकाका सिभिल इन्जिनियर ईश्वर भण्डारी भन्नुहुन्छ, "इन्जिनियर भएर पनि हामीले डिजाइन र अनुगमन गरेका पूर्वाधारको संरचनागत सुदृढतामा खासै ध्यान दिएका थिएनौ । यो पक्ष हरेक पटक छायाँमा परेको थियो । कुनै पनि भवनको आधारभूत लेआउट समेत गम्भीरतापूर्वक लिइएको थिएन । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय भवन संहिता सम्बन्धी ३ दिने तालिमले स्थानीय तहका निर्माण कार्यप्रति हाम्रो सोच र दृष्टिकोणमा आमूल परिवर्तन ल्यायो । अहिले हामी निर्माणको धेरै सुक्ष्म र अति महत्वपूर्ण पक्षहरूको ध्यान दिन्छौं । अहिले हामी तालिम पश्चात निर्माणका आधारभूत मापदण्डहरू कायम गर्न सक्षम भएका छौं । यस सहयोगको लागि प्रतिष्ठानलाई धन्यवाद दिनु पर्छ ।"

## १४. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम

सार्वजनिक निकायले लिएको उद्देश्य परिपूर्तिका लागि कार्यसञ्चालनका क्रममा रहने जोखिमहरूको पहिचान र निरुपण गर्ने कार्य आन्तरिक नियन्त्रण हो । आन्तरिक नियन्त्रणले सार्वजनिक निकायहरूमा सुशासनलाई संस्थागत गर्नुका साथै पूर्व-नियन्त्रण (Ex-Ante Control) र जोखिममा आधारित नियन्त्रण (Risk-based Control) प्रणाली कायम गरी चुस्त प्रशासनिक संयन्त्र एवम् मितव्ययी र प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक सेवा प्रवाहमा नागरिक विश्वसनियता अभिवृद्धि गर्न मद्धत गर्दछ । यसको प्रयोगले सार्वजनिक स्रोतहरूको समुचित सदुपयोग र कुशल व्यवस्थापनमार्फत प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

यसै सन्दर्भमा सार्वजनिक निकाय/कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणलाई थप सुधार गर्न ती निकाय/कार्यालयका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले जिल्लास्थित कार्यालयका लागि फागुन १५ र १६ गते २ दिने आन्तरिक नियन्त्रण सम्बन्धी तालिम सम्पन्न भयो । उक्त तालिममा २ जना महिला कर्मचारी सहित २६ जनाको उपस्थिति रहेको थियो । यस तालिमले सरकारी कार्यालय/सार्वजनिक निकायहरूमा आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई आन्तरिकीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १५. स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिका लागि अभिमुखीकरण

गाउँ तथा नगरपालिकामा निर्वाचित प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम जेठ २७ र २८ गते पोखरामा सम्पन्न भयो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र प्रतिष्ठानको आयोजनामा सञ्चालित उक्त अभिमुखीकरणमा गण्डकी प्रदेशका सबै स्थानीय तहका ५७ महिला र १०२ जना पुरुष गरी जम्मा १५९ जनाको उपस्थिति रहेको थियो। गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलद्वारा उद्‌धाटन गरिएको अभिमुखीकरण कार्यक्रम चार वटा समूहमा सञ्चालन भएको थियो।








उक्त अभिमुखीकरण कार्यक्रमलाई पूर्व प्रशासक एवम् विषय विज्ञहरूले सहजीकरण गरेका थिए। कार्यक्रमको समापन समारोहलाई माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र श्रेष्ठले सम्बोधन गर्नु भएको थियो।

यसै गरी २०७८ जेठ २२ र २३ गते गोरखा जिल्ला र २४ र २५ गते स्याङ्जा जिल्लाका स्थानीय तहमा निर्वाचित उपप्रमुख एवम् उपाध्यक्ष र कार्यपालिका सदस्यहरूका लागि लैंगिक संवेदनशील बजेट सम्बन्धी अभिमुखीकरण कार्यक्रम प्रतिष्ठानको तालिमहरुमा सम्पन्न भयो। उपर्युक्त कार्यक्रमहरूमा गोरखा जिल्लाबाट १ जना पुरुष र १८ महिला गरी १९ जना र स्याङ्जा जिल्लाबाट ५ पुरुष र २५ महिला गरी जम्मा ३० जनाको सहभागीता रहेको थियो।

### ३.३.२ सवाल केन्द्रित संवाद

सवाल केन्द्रित संवाद प्रतिष्ठानको एउटा महत्वपूर्ण विषयगत क्षेत्र हो । समसामयिक सवालहरूमा सरोकारवालासँग छलफल तथा संवाद कार्यक्रमको आयोजना गर्ने र त्यस्ता छलफलबाट आएका निष्कर्षलाई विभिन्न तहका सरकारलाई नीतिगत तथा कार्यक्रगत रुपमा पृष्ठपोषण गर्ने उद्देश्यका साथ गत आ.व. देखि सुरु गरिएको सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पायो । यस आ.व. मा मुख्यन्यायाधिवक्ताको कार्यालयसँगको समन्वयमा “संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका” विषयक संवाद कार्यक्रम सम्पन्न भयो ।



गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा प्रदेश सरकारका माननीय कानून मन्त्री विन्दुकुमार थापा, प्रमुख सचिव श्री रविलाल पन्थ, मुख्यन्यायाधिवक्ता श्रीमान् रोहितराज बास्तोला, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज कापले, कानून व्यावसायी, पत्रकार, नागरिक समाज लगायतको उपस्थिति रहेको थियो ।



उक्त कार्यक्रममा संघीयता र अन्तरसरकार सम्बन्धका विषयमा नेपाल सरकारका पूर्व मुख्य सचिव डा. सोमलाल सुवेदीले सहजीकरण गर्नु भएको थियो । सहभागीको विस्तृत विवरण निम्नानुसार रहेको छ ।



पोखरामा आयोजित उक्त कार्यक्रममा १९ जना महिला र ७९ जना पुरुष गरी जम्म ९८ जनाको सहभागीता रहेको थियो ।

### ३.३.३ अध्ययन तथा अनुसन्धान

अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको महत्वपूर्ण विधा हो । प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने प्रशिक्षणको व्यवस्था गर्न, प्रदेशको विकास कार्यक्रममा सघाउ पुर्‍याउन, प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापनलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन, प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्न एवम् अन्य समसामयिक विषयवस्तुमा प्रदेश सरकार तथा स्थानीय तहलाई नीतिगत सुझाव प्रदान गर्न प्रतिष्ठानले अध्ययन अनुसन्धानका कार्य गर्दछ ।




तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानुनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा हाल देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवाला समक्ष अध्ययनका निष्कर्ष प्रस्तुत गर्ने अभिप्रायले गरिएको अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन भएको छ । संघीय शासन प्रणाली रहेका विभिन्न मूलुकको तुलनात्मक विश्लेषणमा आधारित यस अध्ययनले नेपालको संविधान र अन्य प्रचलित कानूनले व्यवस्था गरेका अन्तरसरकार सम्बन्ध सम्बन्धी व्यवस्थालाई ब्यवहारमा कार्यान्वयन गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### ३.३.४ ज्ञान व्यवस्थापन

नेपालका सरकारी तथा सार्वजनिक संस्थाहरूको ज्ञान व्यवस्थापन प्रणाली ज्यादै कमजोर छ । प्रदेश र स्थानीय तह स्थापना र सञ्चालनको पाँच वर्ष पुगेको छ । ज्ञान व्यवस्थापन संस्थागत विकासको एउटा महत्वपूर्ण पाटो हो । प्रतिष्ठानलाई अध्ययन तथा अनुसन्धानको केन्द्र बनाउने र नयाँ ज्ञानको सिर्जना वा भइरहेको ज्ञानलाई परिस्कृत गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्ने अभिप्रायले ज्ञान व्यवस्थापनका कार्यको थालनी भएको छ ।



प्रतिष्ठानका सूचना, जानकारी, तथ्याङ्क आदिलाई एकीकृत गर्ने, तथ्याङ्कको ब्याकअप लिने, तथ्याङ्कमा सबैको पहुँच सुनिश्चित गर्ने कार्यको थालनी भएकोछ । प्रतिष्ठानको वेभसाइट अद्यावधिक गर्ने, प्रतिष्ठानका प्रकाशनलाई वेभसाइटमार्फत सार्वजनिक गर्ने, चौमासिक बुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, सूचनामूलक क्यालेण्डर प्रकाशन र विवरण गर्ने कार्य निरन्तर रुपमा अगाडि बढेका छन् । यस आ.व.मा ज्ञान केन्द्रको सवलीकरण स्वरुप भर्चूअल ल्यावको स्थापना भएकोछ भने स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण म्यानुअल र अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन र वितरणको कार्य सम्पन्न भएकोछ । प्रदेश र स्थानीय तहमा ज्ञान व्यवस्थापनको कार्यलाई प्रवर्द्धन र संस्थागत गर्न हरेक प्रशिक्षणमा ज्ञान व्यवस्थापनका विषयवस्तु समावेश गर्ने कार्यको थालनी समेत भएकोछ ।




### ३.३.५ प्रशिक्षण कार्यक्रमको फलोअप तथा अनुगमन

क्षमता विकास कार्यक्रमको सफलता एवम् प्रभावकारिताको मापन त्यसको कार्यान्वयनले गर्दछ । प्रतिष्ठानको व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको मूल मान्यता प्रशिक्षणको दौरान प्राप्त ज्ञान, सीप र दक्षताको व्यवहारिक प्रयोगले मापन गर्दछ । यसका लागि प्रशिक्षण पश्चातको फलोअप, on-site coaching र अनुगमन अत्यावश्यक छ । प्रतिष्ठानले प्रशिक्षण पद्दतिमा ल्याउन चाहेको एउटा महत्वपूर्ण परिवर्तन प्रशिक्षण पश्चातको फलोअप तथा अनुगमनका माध्यमद्वारा प्रशिक्षणका सिकाइको व्यवहारिक प्रयोगको सुनिश्चितता हो । यो प्रशिक्षणमा प्रयोग भएको श्रम र पूँजीको सही मूल्य (best value for money) सुनिश्चित गराउने माध्यम पनि हो । प्रतिष्ठानले यस आर्थिक वर्षमा सञ्चालन गरेका लामो तथा छोटो अवधिका प्रशिक्षणको फलोअप गर्ने कामको प्रारम्भ गरेको छ । प्रशिक्षार्थी एवम् प्रशिक्षार्थीको सुपरिवेक्षकका लागि अलग अलग फलोअप चेकलिष्ट तयार गरी सोका आधारमा प्रशिक्षार्थीहरूको कार्यसम्पादनको अवस्थाको सूचना संकलन गर्ने कार्य गरिएको छ । यस प्रयोजनका लागि चालु आर्थिक वर्षमा तालिम लिएका मध्ये १७ वटा पालिकाका ६५ जना कर्मचारीसँग फलोअप चेकलिष्ट र उनीहरूले तालिमको अन्त्यमा तयार गरेको कार्ययोजनालाई आधार मानी फलोअप र अनुगमन गरिएको छ । फलोअपका लागि प्रयोग गरिएको प्रश्नावली/चेकलिष्ट निम्नानुसार छ ।

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**नदीपुर, पोखरा**
**प्रशिक्षण पश्चातको फलोअप**
(तालिम कार्यान्वयनको अवस्था पहिचान तथा फलोअप २०७८/२०७९)

**सहभागीका लागि चेकलिस्ट**

१. तालिम लिएर फर्केपछि कार्यालयका अन्य कर्मचारी एवम् जनप्रतिनिधिहरूसँग तालिममा सिकेका विषयवस्तुमा आधारित अनुभव आदान प्रदान र छलफल भए नभएको ।
२. तालिमबाट फर्केपछि तालिममा निर्माण गरिएको कार्ययोजना कार्यान्वयन भए नभएको ।
३. तालिममा सिकेको ज्ञान र सीपबाट कार्यालयको सेवा प्रवाहमा मद्दत पुगे नपुगेको ।
४. तालिममा सिकेको ज्ञान र सीप कार्यान्वयन वार्षिक योजनामा सम्बोधन भए वा नभएको ।
५. तालिममा सिकेको ज्ञान र सीप कार्यान्वयनका लागि बजेटको व्यवस्था भए नभएको ।
६. तालिममा सिकेको ज्ञान र सीप कार्यान्वयनका लागि आवश्यक परेको समयमा सहजकर्ता र प्रतिष्ठानबाट सल्लाह सुझाव माग गरे नगरेको ।
७. तालिममा सिकेको ज्ञान र सीप कार्यान्वयनका लागि आवश्यक परेको समयमा सहजकर्ता र प्रतिष्ठानबाट सल्लाह सुझाव प्राप्त भए नभएको ।
८. प्रशिक्षणको सिकाइबाट कार्यालयको कार्यसम्पादनमा योगदान पुगे नपुगेको ।
९. तालिममा सिकेको ज्ञान र सीपको प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू भए ।
१०. आगामी आ.व. का लागि आवश्यक थप क्षमता विकासका कार्यक्रमहरू ।

**सुपरिवेक्षकको लागि चेकलिस्ट**

१. तालिम लिएर सेवामा फर्केपछि कार्यालयका अन्य कर्मचारी वा जनप्रतिनिधिहरूसँग तालिममा सिकेका विषयवस्तुमा आधारित अनुभव आदान प्रदान र छलफल भए नभएको ।
२. तालिमबाट सेवामा फर्किए पछि तालिमका क्रममा निर्माण गरिएको कार्ययोजना कार्यान्वयन भए नभएको ।
३. तालिम पश्चात कर्मचारीको कार्यसम्पादनमा सुधार भए नभएको ।
४. तालिममा सिकेको ज्ञान र सीपबाट कार्यालयको कार्यसम्पादनमा सहयोग पुगे नपुगेको ।
५. आगामी आ.व.मा अन्य कर्मचारीको लागि उपयोगी क्षमता विकासका कार्यक्रमहरू ।

उपरोक्त फलोअप चेकलिष्टका आधारमा तालिमका सहभागिसँग गरिएको अन्तरवार्ताबाट प्राप्त नतिजा निम्नानुसार छ ।

(१) तालिम लिएर फर्किए पछि कार्यालयका अन्य कर्मचारी एवम् जनप्रतिनिधिहरूसँग तालिममा सिकेका विषयवस्तुमा आधारित अनुभव आदान प्रदान र छलफल भएको छ वा छैन भनि तालिमका ५३ जना प्रशिक्षार्थीसँग गरिएको अनुगमनमा ५१ जना अर्थात ९६ प्रतिशतले तालिमबाट फर्के पछि आफ्ना सहकर्मीसँग छलफल गरेको पाइयो भने २ जना अर्थात ४ प्रतिशतले मात्र सो कार्य नगरेको पाइयो । तालिमको बारेमा छलफल गर्ने मध्ये १४ जनाले औपचारिक बैठकमा तालिमका सिकाई छलफल गरेका थिए भने ३७ जनाले अनौपचारिक रुपमा आफ्ना सहकर्मीसँग तालिमको जानकारी गराएका थिए ।

(२) तालिमवाट फर्किए पछि तालिममा निर्माण गरिएको कार्ययोजनाको कार्यान्वयन भएकोछ वा छैन भनि गरिएको फलोअपमा जम्मा ५३ जना प्रशिक्षार्थी मध्ये ५१ जना अर्थात ९६ प्रतिशतले तालिमका दौरान तयार गरेको कार्ययोजना अनुसार काम गरेको पाइयो भने केवल २ जना अर्थात ४ प्रतिशतले कार्ययोजनामा उल्लेखित कार्य गर्न नसकेको भन्ने प्रतिक्रिया प्राप्त भएकोछ ।




(३) तालिममा सिकेको ज्ञान र सीपवाट कार्यालयको सेवा प्रवाहमा मद्धत पुगी कार्य सम्पादनमा सुधार भए नभएको बारे राखिएको जिज्ञासामा ५२ जना सहभागीबाट प्राप्त प्रतिक्रिया मध्ये ३३ जना (६३ प्रतिशत) ले तालिममा सिकेको ज्ञान र सीपवाट कार्यालयको सेवा प्रवाहमा प्रत्यक्ष मद्धत पुगेको बताए भने १९ जना (३७ प्रतिशत)ले कार्यसम्पादनमा सहयोग गरेको धारणा व्यक्त गरे । कुनै पनि सहभागीले तालिममा सिकेको कुराले आफ्नो कार्यसम्पादनमा मद्धत नगरेको प्रतिक्रिया ब्यक्त गरेनन् । यसबाट के देखिन्छ भने प्रतिष्ठानद्वारा सञ्चालन गरिएका तालिमको व्यवहारिक कार्यान्वयनको पाटो प्रभावकारी रही संस्थाको कार्यसम्पादन र सेवाप्रवाहमा योगदान पुगेको छ । यहि नै प्रतिष्ठानले तालिमका क्षेत्रमा ल्याउन चाहेको वास्तविक परिवर्तन हो ।




(४) तालिमबाट सिकेको ज्ञान र सीप प्रयोगका लागि संस्थाको वार्षिक योजनामा समावेश भए नभएको बारे सोधिएको प्रश्नमा ३७ जना अर्थात ७० प्रतिशत सहभागिले तालिमका विषयवस्तुलाई कार्यक्रममा समावेश

गरेको प्रतिक्रिया व्यक्त गरे भने केवल १६ जना अर्थात ३० प्रतिशतले कार्यक्रममा सम्बोधन हुन नसकेको कुरा बताए । यसबाट के देखिन्छ भने ठुलो संख्याका सहभागीले तालिमका विषयवस्तुको सान्दर्भिकता महसुस गरी संस्थाको कार्यक्रममा समावेश गराउन सफल भएका छन् ।

(५) यसै गरी उपरोक्त कार्यक्रमका लागि बजेटको व्यवस्था सम्बन्धमा राखिएको जिज्ञासामा ५३ मध्य ४२ जना (८० प्रतिशत) ले कुनै न कुनै रुपमा बजेटको व्यवस्था गरेको कुरा व्यक्त गरे भने केवल ११ जना अर्थात २० प्रतिशतले बजेटको व्यवस्था हुन नसकेको बताए ।

(६) तालिममा सिकेका विषयवस्तुको व्यवहारिक प्रयोगका लागि सहजकर्ता र प्रतिष्ठानसँग सहयोग एवम् सुझाव माग गरे नगरेको बारे राखिएको प्रश्नमा ३७ जना सहभागीले तालिम पश्चात पनि प्रतिष्ठानसँग सम्पर्कमा रही आवश्यक सुझाव माग गरेको कुरा बताए भने केवल १६ जनाले त्यस्तो सहयोग माग नगरेको कुरा व्यक्त गरे ।

(७) सहजकर्ता एवम् प्रतिष्ठानसँग बेलाबखत राय सल्लाह तथा सुझाव माग गरे बमोजिम सहयोग प्राप्त भए नभएको बारे राखिएको जिज्ञासामा ३८ जना सहभागीले त्यस्तो सहयोग प्राप्त गरेको कुरा बताए भने १५ जनाले सहयोग माग नगरेको हुँदा प्रतिक्रिया लिन नपाएको कुरा ब्यक्त गरे ।

(८) प्रतिष्ठानले आयोजना गरेको तालिमबाट कार्यालयको कार्यसम्पादनमा योगदान पुगे नपुगेको बारे सोधिएको प्रश्नमा ५१ जना मध्ये ३० जना अर्थात ५९ प्रतिशतले पर्याप्त योगदान पुगेको धारणा व्यक्त गरे भने बाँकी २१ जना अर्थात ४१ प्रतिशतले कार्यसम्पादन सुधार भएको प्रतिक्रिया दिए । यसबाट के देखिन्छ भने प्रतिष्ठानको व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको मान्यता व्यवहारमा पुष्टि भएकोछ र प्रशिक्षण कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित भएकोछ ।




(९) तालिमको प्रभावकारी कार्यान्वयनका लागि माग गरिएको सुझावका सन्दर्भमा सहभागीले तालिमको समय बढाउनु पर्ने, स्थान र भूगोल अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्ने, स्थान फरक गरि तालिम दिनु पर्ने, नियमित follow-up गर्नु पर्ने, निरन्तर समीक्षा हुनुपर्ने, प्रतिष्ठानबाट अनुगमन/सोधपुछ हुनुपर्ने जस्ता धारणा व्यक्त गरे ।

(१०) त्यसैगरी, थप क्षमता विकासका कार्यक्रमको आवश्यकता सम्बन्धमा राखिएको जिज्ञासामा DPR, Advanced GIS Training, Advance Network and Server Management Training, सुत्र सम्बन्धी ToT, भवन, सडक, पुलको डिजाइन, खरिद प्रकृया सम्बन्धी तालिमको माग गरेका छन् । यिनै विषयवस्तुलाई समेत मध्येनजर गरी आगामी आ.व. कार्यक्रमको योजना तयार गरिनेछ । यसरी तालिमका सहभागीसँग गरिएको फलोअप तथा अनुगमनका आधारमा प्रतिष्ठानका सेवाले सेवाग्राहीको सेवाप्रवाहमा मद्धत पुगेको देखिन्छ । यसबाट नै क्षमता विकासका कार्यक्रमको औचित्य पुष्टि हुन्छ ।

(सफलताको कथा-४)

**"परियोजनाको डिजाइन बुझ्न अब सरल भएको छ।"**

बारागाउँ मुक्तिक्षेत्र गाउँपालिकाका सिभिल इन्जिनियर आशिष भण्डारी भन्नुहुन्छ, "हाम्रो लागि परियोजनाको डिजाइन भनेको क्याड ड्रइङ र एक्सेलमा आधारित ईस्टिमेट मात्रै थियो । जब गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट विस्तृत परियोजना प्रतिवेदन सम्बन्धी तालिम लियौं, तब थाहा लाग्यो कि हामीले डिजाइन गर्ने परियोजना भनेको चित्र, अनुमान र समरीको पृष्ठ मात्र नभई विभिन्न अन्तरसम्बन्धित क्षेत्रहरूबाट प्रभावित हुने जटिल प्रक्रिया रहेछ । वातावरणीय सन्दर्भ, सामाजिक सन्दर्भ आर्थिक सन्दर्भ, लैंगिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धित मुद्दालाई ध्यान दिनु पर्ने रहेछ। साथै, अब म परामर्शदाताहरूले पेश गरेको कुनै पनि परियोजनाको विस्तृत परियोजना प्रतिवेदन अध्ययन गर्न र त्यसमा प्रतिक्रिया दिन सक्षम छु। प्रशिक्षण अघि, म यी पक्षहरू बारे बिल्कुल अनजान थिएँ । म केही अन्य प्रकारका तालिमहरूको लागि तत्पर छु जसले हाम्रो बुझाइ बढाउन र विकासलाई सहज बनाउन मद्दत गर्नेछ। मेरो लागि यो अवसर प्रदान गरेकोमा प्रतिष्ठान प्रति आभारी छु" ।



### ३.३.६ संस्थागत विकास

संस्थागत विकासका लागि मुख्यतः तीन वटा पक्षहरू-जनशक्ति, पूर्वाधार र संस्थागत प्रणालीलाई सन्तुतिल रुपमा अगाडि बढाउनु पर्ने हुन्छ। दक्ष जनशक्ति, भौतिक पूर्वाधार एवम् श्रोत साधनको उपलब्धता र ऐन, कानून, कार्यप्रणालीको व्यवस्थाले संस्थालाई दीगो रुपमा अगाडि बढ्ने आधार तयार गर्दछन् । प्रतिष्ठानमा यि सबै पक्षहरूलाई सँगसँगै विकास गर्ने काम भएकोछ । कर्मचारीको क्षमता परीक्षण र क्षमता विकासका कार्यक्रम मार्फत व्यावसयिकता र कार्यकुशलताको अभिबृद्धि गर्ने काम भएकोछ भने पूर्वाधार विकासका लागि भवन निर्माण, संगठन संरचनाको निर्माण र जनशक्तिको

**Outline of Institutional Development**



व्यवस्थापनका काम भएका छन् । त्यसैगरी कार्यप्रणाली विकासका लागि ऐन, नियमावली, विनियमावली, कार्यविधि आदिको तर्जुमा गर्ने काम भएकोछ । तालिम तथा अनुसन्धानका कार्य सञ्चालनका लागि आवश्यक कार्यविधिको निर्माण गरिएका छन् । संस्थागत विकासका लागि यस आ.व मा भएका कार्यहरू तल उल्लेख गरिएको छ ।

### (क) प्रशिक्षण परिषद् बैठक

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान परिषद्को चौथो बैठक परिषद्का अध्यक्ष एवम् प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा मिति २०७९ साल जेठ १७ गते प्रतिष्ठानको कार्यालय नदिपुरमा सम्पन्न भयो । बैठकमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, गण्डकी विश्वविधालयका उप–कुलपति, प्रदेश सरकारका प्रमुख सचिव र सचिवहरू, ऐन बमोजिम प्रदेश सरकारले मनोनित गरेका सदस्यहरू र कार्यकारी निर्देशकको उपस्थिति रहेको थियो ।








परिषद्का सदस्य सचिव एवम् प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेले प्रतिष्ठानको प्रगति प्रस्तुत गर्नुभएको थियो । बैठकले आ.व. २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रमको प्रगति समीक्षा गर्नुका साथै प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम स्वीकृत गरेको थियो भने कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीलाई प्रदेश लोक सेवा आयोगको परामर्शका लागि लेखी पठाउने निर्णय गरेको थियो । बैठकको अवसरमा प्रतिष्ठानद्वारा प्रकाशित स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्रीको लोकार्पण गरिएको थियो ।

### (ख) कार्यकारी समिति बैठक

चालु आ.व मा कार्यकारी समितिका तीन वटा बैठक बसे । असोज १८, कार्तिक १५ र मंसिर ३ गते बेसका बैठकले प्रतिष्ठानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली निर्माण गर्ने, कार्यक्रमको समीक्षा गर्ने लगाएतका काम गरेको थियो ।

### (ग) क्यालेण्डर प्रकाशन

प्रतिष्ठानको तालिम तथा अनुसन्धानका नीति, तालिमका विषयवस्तु, प्रशिक्षणका सिद्धान्त, प्रशिक्षण प्रक्रिया, गत आर्थिक वर्षमा सम्पन्न मुख्य मुख्य क्रियाकलाप आदि सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले १००० थान वहुउद्देश्यीय टेवल क्यालेण्डर प्रकाशन गरी प्रदेशका कार्यालय र स्थानीय तहमा वितरण गर्ने काम सम्पन्न भएकोछ । सो वहुउद्देश्यीय क्यालेण्डर प्रतिष्ठानका क्रियाकलाप र प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी सिद्धान्तका बारेमा सरोकारवालाहरू समक्ष प्रचार प्रसार गर्न सहयोगी हुने अपेक्षा गरिएको छ ।

### (घ) कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली तर्जुमा

संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको स्थायी दरवन्दीमा कर्मचारीको पदपूर्ति गर्ने प्रयोजनका लागि कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावली तर्जुमाको कार्य सम्पन्न भएकोछ । उक्त विनियमावलीलाई प्रदेश लोक सेवा आयोगको राय सहित प्रशिक्षण परिषद्को आगामी बैठकमा प्रस्तुत गरिनेछ ।

### (ङ) आर्थिक प्रशासन विनियमावलीको मस्यौदा निर्माण

चालु आ.व.को योजना अनुसार प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी विनियमावलीको मस्यौदा तयार भएकोछ । प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धानका क्रियाकलापहरूलाई व्यवस्थित गर्ने उद्देश्यले उक्त विनियमावली निर्माण गरिएको हो । कार्यकारी समितिमा छलफल गरि विनियमावलीलाई स्वीकृतिका लागि प्रशिक्षण परिषद्मा पेश गरिनेछ ।

### (च) ISO 9001:2015 को प्राप्ति

प्रतिष्ठानद्वारा सञ्चालन गरिने कार्यक्रमहरूको प्रभावकारिता र गुणस्तरलाई तिनको कार्यसञ्चालन प्रक्रियाले निर्धारण गर्दछ । प्रतिष्ठानका कार्यहरूः (१) कार्यसम्पादनमा आधारित प्रशिक्षण, (२) समस्या केन्द्रित अनुसन्धान, (३) सवाल केन्द्रित संवाद, (४) मागमा आधारित परामर्श सेवा, र (५) ज्ञान व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वय गर्न विस्तृत कार्यविधि एवम् कार्यप्रक्रियाको निर्धारण गरिएको छ । उल्लिखित कार्यहरूको गुणस्तरको मानकका रुपमा Quality Austria द्वारा प्रतिष्ठानलाई

ISO 9001:2015 को प्रमाण पत्र प्राप्त भएकोछ ।

उक्त प्रमाणपत्रसँगै प्रतिष्ठान अन्तर्राष्ट्रिय मान्यता प्राप्त तालिम केन्द्रका रुपमा स्थापित भएकोछ । यस सँगै प्रतिष्ठान जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा काम गर्ने गण्डकी प्रदेशको पहिलो ISO 9001:2015 प्रमाणपत्र प्राप्त सरकारी तलिम केन्द्रका रुपमा स्थापित भएकोछ । यो प्रदेश सरकार र सेवाग्राहीका लागि गौरवको विषय हो ।

### (छ) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन

कर्मचारीको दक्षता र कार्यक्षमतामा आएको परिवर्तनलाई वार्षिक रुपमा मूल्याङ्कन गरी उनीहरूलाई थप व्यावसायिक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ। यसले कर्मचारीको कार्यसम्पादन अनुगमन, कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारिता मापन सहज भएकोछ । पाँच वटा विषयगत क्षेत्र (१) अनुसन्धान तथा विश्लेषण, (२) तालिम विकास, (३) तालिमको कार्यान्वयन तथा मूल्याङ्कन, (४) सूचना तथा ज्ञान व्यवस्थापन, र (५) क्रियाकलाप व्यवस्थापनका २० वटा सूचकका आधारमा कार्यक्षमताको मूल्याङ्कन गरिन्छ । कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्दति निम्नानुसार छ ।

| Core Competency | Sub-Competency |
|---|---|
| A. Research and Analysis for TNA | 1. Understanding of what and how to conduct a training needs survey for planning of training programme |
| | 2. Development of the research instruments (field plan, check lists, questionnaire, etc.) |
| | 3. Implemention of needs survey/action research (interview, questionnaire, focus group discussion etc.) |
| | 4. Data analysis and report writing |
| B. Training Development | 5. Planning of a training (setting proper objectives, session plan, target group, training methodology, couse contents, etc) |
| | 6. Development of the training materials (handout, presentation, teaching aid etc) |
| | 7. Development of assessment tools (level 1 - 4 evaluation of training) |
| | 8. Improvement of Training program based on the results of the field validation |
| **Core Competency** | **Sub-Competency** |
| C. Training Delivery and Evaluation | 9. Designing of the delivery plan (assignment plan, scheduling, training plan) |
| | 10. Presentation and facilitation of the training program |
| | 11. Evaluation of training (quantitative and aualitative) |
| | 12. Report writing (effectiveness, efficiency of the training, lesson learned) |
| D. Information and Knowledge Management | 13. Use of ICT (Word, Excel, Power Point, E-Mail, Web brouwser, SNS etc) |
| | 14. Collecting Information and knowledge (through resource documents, report, website etc) |
| | 15. Organizing the information and knowledge (filing, archiving, indexing, storing, etc.) |
| | 16. Sharing information and knowledge (regular meeting, newsletter, official gmail, update facebook, etc.) |
| E. Activities Management | 17. Planning of the activities (monthly, trimester, annual plan) |
| | 18. Process Management (update of the schedule, countermeasure and lesson learned) |
| | 19. Output Management (submit on time, receive approval by the director/client, etc.) |
| | 20. Report writing (report of planning, process and output management) |

| Score | Criteria for Assessment |
|---|---|
| 5 | Very high performance and self sufficient to do or to teach other staff by himself/herself |
| 4 | Relatively high performance and able to do or teach other staff with minimum help of the expert or other staff |
| 3 | Acceptable performance and able to do or teach other staff with some support of expert or other staff |
| 2 | Low level performance and able to do by strong support of expert or staff but not able to teach other staff yet |
| 1 | Never did before and no idea of how it can be done |

माथि तालिकामा उल्लेख भए बमोजिमका मूल्याङ्कनका आधार र सूचकलाई आधार मानी वार्षिक रुपमा कर्मचारीको कार्यदक्षताको मापन गरिन्छ। हरेक आ.व.को सुरुमा सबै कर्मचारीको उल्लिखित सूचकको आधारमा कार्यक्षमताको स्व-मूल्याङ्कन गरिन्छ र समयक्रममा आएको परिवर्तनलाई तुलना गरिन्छ। कर्मचारीका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी सुधार गर्नुपर्ने पक्षका लागि व्यक्तिगत योजना तयार गरिन्छ। कार्यक्षमता अभिवृद्धिमा संस्थाको सहयोग आवश्यक पर्ने क्षेत्रमा वार्षिक कार्यक्रम तय गरी क्षमता विकासमा योगदान गरिन्छ । यसले कर्मचारीलाई व्यावसायिक र दक्ष बनाउन मद्धत गर्दछ । तलको चार्टले आ.व. २०७८/७९ को अन्तमा गरिएको मूल्याङ्कनको नतिजालाई देखाउँदछ ।




उल्लेखित चार्टले प्रतिष्ठानको दैनिक कार्यसँग सम्बन्धित मुख्य पाँचवटा विषयगत क्षेत्रमा प्रत्येक कर्मचारीको यस वर्षको नतिजालाई देखाउँदछ । यो औजारको महत्वपूर्ण विशेषता के हो भने यसले कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनको मापन गर्दछ। तलको चार्टले प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई देखाउँदछ ।




माथिका चार्टले चार जना कर्मचारीको तीन वर्षको र बाँकी चार जना कर्मचारीको दुई वर्षको कार्यक्षमताको आवस्था देखाउँदछ । मूल्याङ्न नतिजा अनुसार हरेक कर्मचारीले वार्षिक रुपमा आफ्नो कार्यक्षमतामा सुधार गर्दै लगेको देखिन्छ ।

प्रतिष्ठानले कर्मचारीको कार्यक्षमताको Benchmark निर्धारण गरेको छ। सो अनुसार प्रतिष्ठानमा आ.व. २०७७/७८ देखि निरन्तर काम गर्ने हरेक कर्मचारीले आ.व. २०८१/८२ सम्म मूल्याङ्कनका हरेक क्षेत्रमा पाँच अङ्क प्राप्त गर्नु पर्ने लक्ष्य राखेको छ। सोही लक्ष्य प्राप्तिका लागि वार्षिक रुपमा कार्यक्षमतामा देखिएका सुधारका पक्षलाई विचार गरी सहयोगका कार्यक्रम निर्धारण गर्दै आइरहेको छ ।

कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई माकुरे जालो विधिबाट विश्लेषण गरिन्छ । तलको चार्टले माकुरे जालो विधिबाट कसरी कर्मचारीको कार्यक्षमतामा अएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा देखाउँदछ ।




उल्लेखित चार्टले तीन वर्षको अन्तरालमा कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तन देखाउँदछ । यस विधिको महत्वपूर्ण पक्ष के हो भने प्रशिक्षणको क्षेत्रमा कार्यरत कर्मचारीको पेशागत दक्षताका लागि पाँच वटै विषयगत क्षेत्रमा सन्तुलन आवश्यक छ ।

### (ज) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठानमा कार्यरत कर्मचारीले मासिक रुपमा आफूले सम्पादन गरेका कामको प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजा उन्मुख बनाउनका लागि उनीहरूको साप्ताहिक/मासिक योजना र प्रतिवेदन प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ। यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज भएकोछ । कर्मचारीको साप्ताहिक र मासिक प्रतिवेदनको ढाँचा निम्नानुसार छ ।

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**गण्डकी प्रदेश, पोखरा**
**साप्ताहिक प्रतिवेदन र कार्ययोजना**

नामः *** पदः शाखा अधिकृत
अवधिः २०७९ जेष्ठ २२ देखि २८ सम्म

| यस हप्ता | | | | आगामी हप्ता | |
|---|---|---|---|---|---|
| मिति | बार | योजना | प्रतिवेदन | मिति | अर्को हप्ताको योजना |
| २०७९।२।१५ | आइतबार | आइतबार बिदा | आइतबार बिदा | २०७९।२।२२ | आइतबार बिदा |
| २०७९।२।१६ | सोमबार | परिषद्क वैठकको तयारी र प्रशासनिक कार्य | परिषद्क वैठकको तयारी र प्रशासनिक कार्य गरिएको | २०७९।२।२३ | आइएसओ बाह्य परीक्षणको तयारी र परीक्षणमा सहभागी हुने |
| २०७९।२।१७ | मंगलबार | परिषद्क वैठकको सञ्चालन र आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य | परिषद्क वैठकको सञ्चालन र आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य गरिएको | २०७९।२।२४ | घर बिदा |
| २०७९।२।१८ | बुधबार | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य गरिएको | २०७९।२।२५ | घर बिदा |
| २०७९।२।१९ | बिहिबार | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य गरिएको | २०७९।२।२६ | नयाँ जनप्रतिनिधिहरूको अभिमुखी कार्यक्रमको तयारी तथा प्रशासनिक कार्य गर्ने |
| २०७९।२।२० | शुक्रबार | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य | आइएसओ बाह्य परीक्षणको तयारी र प्रशासनिक कार्य गरिएको | २०७९।२।२७ | नयाँ जनप्रतिनिधिहरूको अभिमुखीकरण कार्यक्रमको तयारी र कार्यक्रममा सहजिकरण गर्ने |
| २०७९।२।२१ | शनिबार | शनिबार | शनिबार | २०७९।२।२८ | नयाँ जनप्रतिनिधिहरूको अभिमुखीकरण कार्यक्रमको तयारी र कार्यक्रममा सहजीकरण गर्ने |

**तयार गर्ने** **प्रमाणित गर्ने**

नोटः हरेक शुक्रबार चालु हप्ताको प्रतिवेदन र आगामी हप्ताको योजना तयार गर्ने ।

साप्ताहिक रुपमा तयार गरेको प्रतिवेदनलाई हरेक महिनाको अन्तमा मासिक प्रतिवेदनमा रुपान्तरण गरिन्छ। साप्ताहिक योजना र प्रतिवेदन एवम् मासिक प्रतिवेदनलाई वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनासँग तादात्म्य कायम गर्ने गरी तयार गरिन्छ। यसले हरेक कर्मचारीका व्यक्तिगत जिम्मेबारी र लक्ष्य प्राप्तिमा सहयोग गर्दछ। मासिक प्रतिवेदनको नमूना तल दिइएको छ।

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**गण्डकी प्रदेश, पोखरा**
**मासिक प्रतिवेदन**

नामः *** पदः शाखा अधिकृत
अवधिः २०७९ असार ०१ देखि ३२ सम्म

| मिति | बार | प्रतिवेदन |
|---|---|---|
| २०७९।३।१ | बुधबार | विभिन्न अभिमुखीकरण कार्यक्रममा प्रतिवेदन तयारी गरेको। |
| २०७९।३।२ | बिहिबार | विभिन्न अभिमुखीकरण कार्यक्रममा प्रतिवेदन तयारी गरेको। |
| २०७९।३।३ | शुक्रबार | ड्राइभिङ तालिमको अनुगमन गरेको। |
| २०७९।२।४ | शनिबार | शनिबार |
| २०७९।३।५ | आइतबार | प्रदेश तहमा अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७७ को प्रबोधीकरण कार्यक्रम तयारी |
| २०७९।३।६ | सोमबार | प्रदेश तहमा अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७७ को प्रबोधीकरण कार्यक्रम तयारी। कर्मचारी बैठक बसेको। |
| २०७९।३।७ | मंगलबार | प्रदेश तहमा अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७७ को प्रबोधीकरण कार्यक्रम सञ्चालन गरेको। |
| २०७९।३।८ | बुधबार | प्रदेश तहमा अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७७ को प्रबोधीकरण कार्यक्रम सञ्चालन गरेको। एसी र टिभी खरिद सम्बन्धमा खरिद इकाईको बैठक बसेको। |
| २०७९।३।९ | बिहिबार | स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकास सम्बन्धी नवनिर्वाचित वडा अध्यक्षहरूको लागि दिइने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी हुन सिन्धुली जिल्लाको मूल्कोट गएको। |
| २०७९।३।१० | शुक्रबार | स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकास सम्बन्धी नवनिर्वाचित वडा अध्यक्षहरूको लागि दिइने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएको। |
| २०७९।३।११ | शनिबार | स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकास सम्बन्धी नवनिर्वाचित वडा अध्यक्षहरूको लागि दिइने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएको। |
| २०७९।३।१२ | आइतबार | प्रशिक्षक प्रशिक्षण कार्यक्रमबाट फिर्ता भएको |
| २०७९।३।१३ | सोमबार | प्रशिक्षक प्रशिक्षण कार्यक्रमबाट फिर्ता भएको |
| २०७९।३।१४ | मंगलबार | ड्राइभिङ तालिमको अनुगमन गरेको। एसी तथा टेलिभिजन खरिद प्रक्रियाका बाँकी कामहरू गरेको। |
| २०७९।३।१५ | बुधबार | विभिन्न परामर्श सेवाका स्थानीय तहहरूबाट प्राप्त फाइलहरूको अध्ययन तथा भुक्तानीको लागि सिफारिस गरेको। |

